

# सबैका लागि पर्याप्त आवास

नेपाल: आवासको अधिकारसम्बन्धी ऐन २०७५ को विश्लेषण

AMNESTY INTERNATIONAL

एम्नेस्टी इन्टरनेसनल विश्वमा सबैले मानवअधिकारको उपभोग गर्न सक्ने वातावरण निर्माणमा अभियानरत ७० लाख भन्दा बढी मानिसको विश्वव्यापी अभियान हो ।

मानवअधिकारको विश्वव्यापी घोषणापत्र र अन्य अन्तर्राष्ट्रिय मानवअधिकार मापदण्डहरूले प्रत्याभूत गरेका अधिकारहरू सबैले उपभोग गर्न पाएको अवस्थानै हाम्रो परिदृष्य हो ।

हामी कुनै पनि सरकार, राजनीतिक विचारधारा, आर्थिक स्वार्थ वा धर्मबाट स्वतन्त्र छौँ र सदस्यता शुल्क तथा सार्वजनिक अनुदान हाम्रो आर्थिक श्रोत हो ।

©एम्नेस्टी इन्टरनेसनल २०१९
अन्य तरिकामा उल्लेख गरिएको बाहेक, यो दस्तावेजको सामग्री *क्रिएटिभ कमन्स* (attribution, non-commercial, no derivatives, international 4.0) को मातहतमा इजाजत प्राप्त छ ।
https://creativecommons.org/licenses/by-nc-nd/4.0/legalcode
थप जानकारीको लागि हाम्रो वेबसाइट www.amnesty.org को अनुमति पृष्ठमा हेर्नुहोला |
एम्नेस्टी इन्टरनेसनल बाहेक अन्यको प्रतिलिपि अधिकार भएको सामग्री *क्रिएटिभ कमन्स*अन्तर्गत पर्ने छैन |
एम्नेस्टी इन्टरनेसनल लि.
प्रथमपटक प्रकाशित मिति २०१९
पिटर बेननसन् हाउस, १ इस्टन स्ट्रिट
लण्डन WC1X ODW, UK

*कभर फोटो : सन् २०१५ को भूकम्पबाट विस्थापित भएकाहरूको लागि निर्माण गरिएको अस्थायी क्याम्पलाई २०७३ चैत्र १ गते काठमाडौंका अधिकारीहरूद्वारा ध्वस्त पारेपछि नेपाली आवासविहीन मानिसहरू उक्त क्याम्प हुँदै हिँडिरहेका प्रहरीलाई हेर्दै। २०७२ वैशाखमा नेपालमा दुइटा ठूलो भूकम्प गएको थियो जसले ८,००० भन्दा धेरै मानिसको ज्यान लिएको थियो भने तीन हप्ताको अन्तरालमा लाखौँलाई आवासविहीन बनाइदिएको थियो।*
*© SULAV SHRESTHA/AFP/Getty Images*

**Index: ASA 31/0496/2019**
**Original language: English**

amnesty.org

# विषयसूची


| | |
|---|---|
| १. सङ्क्षिप्त चित्रण | ४ |
| २. सन्दर्भ र पृष्ठभूमि | ६ |
| ३. संवैधानिक प्रतिज्ञाहरू | ९ |
| ४. अन्तर्राष्ट्रिय मानवअधिकार दायित्व | १२ |
| ५. आवासको अधिकार ऐनमाथि टिप्पणी | १६ |
| ५.१. ऐनको दायरा | १६ |
| ५.२. गैरनागरिकहरूको कानूनी संरक्षण | १७ |
| ५.३. मुख्य शब्दावलीहरूको परिभाषा | १८ |
| ५.४. आवासविहीनताको रोकथाम | १९ |
| ५.५. तीन तहका सरकारको जिम्मेवारीमा स्पष्टता | २२ |
| ५.६. आवासको अधिकारअन्तर्गतका हकहरू | २२ |
| ५.७. जबर्जस्ती निष्कासनबाट संरक्षण | २४ |
| ५.८. आवासको सुविधा र पुनर्वास | २६ |
| ५.९. आर्थिक सहायता | २७ |
| ५.१०. प्राथमिकता प्राप्त परिवारको पहिचान | २८ |
| ५.११. सामूहिक स्वामित्व | २९ |
| ५.१२. घरबहाल र अनौपचारिक भोगसम्बन्धको कानूनी सुरक्षा | ३० |
| ५.१३. आवासको बिक्री तथा हस्तान्तरणमा बन्देज | ३१ |
| ५.१४. आवासको सुविधा प्राप्त गर्ने योग्यता | ३१ |
| ५.१५. कसुर र सजाय | ३३ |
| ५.१६. स्वामित्व फिर्ता लिने कार्य | ३३ |
| ५.१७. मर्मतसंभार र सुविधा खर्च | ३४ |
| ५.१८. नियम, कार्यविधि र निर्देशिका तर्जुमा गर्ने क्रममा परामर्श | ३५ |
| ५.१९. क्षतिपूर्ति र परिपूरण | ३५ |
| ५.२०. सुपरिवेक्षेण (नोडल) निकाय | ३६ |
| ५.२१. गुनासो सुनुवाइ गर्ने संयन्त्र | ३६ |
| ६. निष्कर्श | ३८ |


AMNESTY INTERNATIONAL

# १. सङ्क्षिप्त चित्रण

नेपाल सरकारले आवासको अधिकारसम्बन्धी ऐन बनाएको छ । यो ऐन २०७५ साल असोज २ गतेदेखि लागू भएको छ ।[1] नेपालको संविधान २०७२ को धारा ३७ ले प्रत्याभूत गरेको आवासको अधिकारलाई कार्यान्वयन गर्ने कानूनी संरचनाको व्यवस्था गर्नु यो ऐनको उद्देश्य रहेको छ ।[2]

नेपालको संविधानमा आवासको अधिकारलाई मौलिक हकको रूपमा प्रत्याभूत गरिएको र उक्त हक कार्यान्वयनका लागि आवश्यक कानूनी रूपरेखा तय गर्नतर्फ बनेको पछिल्लो ऐनलाई एम्नेस्टी इन्टरनेसन स्वागत गर्दछ । आवासको अधिकारसम्बन्धी संवैधानिक प्रत्याभूतिलाई वास्तविकतामा परिवर्तन गर्नका लागि यो विकासक्रम एउटा अग्रगामी कदमको रूपमा रहेको छ ।

यद्यपि, यो कानूनलाई एम्नेस्टी इन्टरनेसनलले आवासको अधिकारसम्बन्धी नेपालको अन्तर्राष्ट्रिय मानवअधिकार दायित्व[3] अनुरुप नभएको पाएको छ । यो ऐनका थुप्रै प्रावधानहरू (जस्तै दफा ५ अन्तर्गतको जर्बजस्ती निष्कासनविरुद्धको संरक्षण) अन्तर्राष्ट्रिय मानवअधिकार कानून प्रतिकूल छन् भने आवासको अधिकारको व्यवहारिक कार्यान्यवनका लागि आवश्यक पर्ने अन्य प्रावधानहरू ऐनमा समावेशै गरिएका छैनन् (जस्तै मूख्य शब्दावलीको परिभाषा, आवासविहीनताको रोकथाम, बहालमा आधारित आवास, आवाससम्बन्धको सुरक्षा, नीति निर्माणमा सुझाव र ऐन कार्यान्वयनको सुपरिवेक्षण गर्ने संयन्त्रहरू आदि)[4] ।

सरकारले यो ऐन लागू गरेपछि नेपालका नागरकि सङ्गठनहरूले एक ठाउँमा बसी यसमा रहेका प्रावधानहरूका बारेमा पुनरावलोकन गरी यस ऐनका सबल र कमजोरपक्ष पहिचान गरेका छन् ।[5]

---

[1] २०७५ श्रावण २९ गते शहरी विकास मन्त्रालयले “आवासको अधिकारलाई व्यवस्था गर्न बनेको विधेयक” लाई नेपालको संसद सचिवालयमा दर्ता गराएको थियो ।

[2] धारा ३७ आवासको हक : (१) प्रत्येक नागरिकलाई उपयुक्त आवासको हक हुनेछ ।
(२) कानून बमोजिम बाहेक कुनै पनि नागरिकलाई निजको स्वामित्वमा रहेको वासस्थानबाट हटाइने वा अतिक्रमण गरिने छैन । आवासको अधिकारसम्बन्धी संवैधानिक मापदण्डको विस्तृत विश्लेषण तल हेर्नुहोस् (“३.संवैधानिक प्रतिज्ञाहरू”) ।

[3] नेपालका लागि लागू हुने अन्तर्राष्ट्रिय कानूनी मापदण्डको विस्तृत जानकारी तल हेर्नुहोस् (४.अन्तर्राष्ट्रिय मानव अधिकार दायित्व) ।

[4] ऐनसम्बन्धी विस्तृत टिप्पणी तल हेर्नुहोस् (“५.ऐनमाथिको टिप्पणी) ।

[5] एम्नेस्टी इन्टरनेसनलको प्राविधिक सहयोगमा न्याय तथा अधिकार संस्था (जुरी-नेपाल), सामुदायिक आत्मनिर्भर केन्द्र (सिएसआरसि), आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारसम्बन्धी राष्ट्रिय सञ्जालद्वारा संयुक्त रूपमा मिति २०७५ कात्तिक १५ गते एउटा अर्न्तक्रियात्मक कार्यशाला र २०७५ असोज २६ र २७ गते “मौलिक हक कार्यान्वयनसम्बन्धी कानून”माथि विज्ञहरूको समीक्षात्मक कार्यशाला आयोजना गरिएको थियो ।

उनीहरूले गरेको पुनरावलोकन अभ्यास र अन्य सरोकारवालाहरूसँगको परामर्शमा आधारित भएर यस ऐनमा रहेका विविध चासोहरूलाई औँल्याउँदै कानून तथा न्याय मन्त्रालयमा उनीहरूले एउटा ज्ञापन पत्र पनि बुझाएका छन् ।[6] नागरिक समाजले उठाएका प्रमुख चासोहरूमध्ये जबर्जस्ती निष्कासनविरुद्ध संरक्षण, आवास सम्बन्धको कानूनी मान्यता र सबैका लागि पर्याप्त आवास सुनिश्चित गर्ने दायित्वसम्बन्धी विषयमा रहेका कमजोरीहरू मूख्य रहेका छन् ।[7]

एम्नेस्टी इन्टरनेसनलको *सबैका लागि पर्याप्त आवास : आवासको अधिकारसम्बन्धी ऐन २०७५ को विश्लेषण* शीर्षकको प्रकाशनले नेपाली अधिकारीहरूलाई आवास अधिकारसम्बन्धी कानूनी रूपरेखा सुदृढ बनाउन सहयोग गर्ने उद्देश्यले निम्न टिप्पणी तथा सुझाव प्रस्तुत गरेको छ ।

---

[6] https://www.facebook.com/jurinepal.org.np/posts/1812004958925822

[7] गत असोजमा कार्यान्वयनमा आएका कानूनहरू (खाद्य अधिकार तथा खाद्य सम्प्रभुतासम्बन्धी ऐन २०७५, आवासको अधिकारसम्बन्धी ऐन, भूमि ऐन (सातौँ संशोधन)माथिको चासो र सुझावसहित माननीय कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्री भानुभक्त ढकाललाई मिति २०७५ मङ्सिर २५ मा नागरिक समाज सङ्गठनहरूले बुझाएको ज्ञापनपत्र हेर्नुहोस्, www.amnestynepal.org/campaigns/ai-nepal-activities/suggestions-on-three-laws-on-fundamental-rights-submitted-to-the-law-minister.html

# २. सन्दर्भ र पृष्ठभूमि

सबैका लागि पर्याप्त आवासको अधिकार नेपालमा एउटा प्रमूख मानवअधिकार र विकास चुनौतीको रूपमा रहेको छ । राष्ट्रिय जनगणनाले आङ्कलन गरेअनुसार नेपालका ४९ प्रतिशत मानिस गुणस्तरहीन आवासमा बसोवास गर्दछन् ।[8] ३० प्रतिशत भन्दा कम मानिसको घर मात्र संरचनात्मक हिसाबमा सुरक्षित रहेको ठानिएको छ ।[9] यसका अलावा, संयुक्त राष्ट्रसङ्घीय आवास कार्यक्रमको *नेपाल : शहरी आवास क्षेत्र प्रोफाइल (Nepal : Urban housing sector proile)* ले देखाएअनुसार नेपालमा शहरमा बस्ने १० प्रतिशत मानिसहरू "सुकुमवासी" रहेका छन् अर्थात उनीहरूले प्रयोग गरेको जमीन र बसोवास गरेको घरमा उनीहरूको कानुनी मान्याता प्राप्त अधिकार छैन ।[10] जमीनको आकासिँदो मूल्य वृद्धि र ग्रामीण भेगबाट शहरी भेगमा भइरहेको बढ्दो बसाईसराइले खासगरी ज्यादै छिटो वृद्धि भइरहेको शहरी क्षेत्रमा विपन्न मानिसहरूलाई आवासको व्यवस्था गर्न असम्भव बन्दै गएको छ ।[11] नेपाल सरकारले सन् २०३० सम्ममा सुरक्षित आवासमा बस्ने घरधुरीको अनुपात दोब्बर पारी ६० प्रतिशत पुऱ्याउने लक्ष्य लिएको छ ।[12]

शहरी क्षेत्रमा सुरक्षित घर निर्माणको व्यापक माग रहेको छ । निजी क्षेत्र शहरी आवासको क्षेत्रमा एउटा सक्रिय भूमिकामा आइरहेको छ । तर आवास अपर्याप्त र महङ्गो छ ।[13] सन् २००९ देखि सरकारले जनता आवास कार्यक्रम सञ्चालनमा ल्याएको छ । तर भौगोलिकता (२७ जिल्ला) र लाभग्राही (विपन्न दलित, मुस्लिम र लोपोन्मुख आदिवासी) को सन्दर्भमा यसको दायरा सीमित छ ।[14] बैंक तथा वित्तीय संस्थाहरूले प्रदान गर्ने आवास ऋणमा चर्को ब्याज दर लाग्ने भएकोले गरिबीमा रहेका तथा न्यून आय श्रोत भएका मानिसहरूका लागि पहुँचयोग्य आवास चुनौतीपूर्ण रहेको छ ।

---

[8] ह्याबिट्याट फर ह्युम्यानिटि, नेपाल : *कन्ट्री प्रोफाइल,* https://www.habitat.org/sites/default/files/documents/Nepal_FY19_FINAL.pdf

[9] नेपाल सरकार, राष्ट्रिय योजना आयोग, *"दीर्घकालीन विकास लक्ष्य - अवस्था र कार्यदिशा* (सन् २०१६ - २०३०), पृष्ठ ३३, www.np.undp.org/content/nepal/en/home/library/sustainable-development-goals-national-report---nepal/sustainable-development-goals-status-and-roadmap-2016-2030.html

[10] हेर्नुहोस् संयुक्त राष्ट्रसङ्घीय मानव आवास कार्यक्रम (युएन ह्याबिट्याट), नेपाल शहरी आवास क्षेत्र प्रोफाइल, २०१०, पृ. iii, https://unhabitat.org/books/nepal-urban-housing-sector-profile/

[11] ऐ. पृ. ९ ।

[12] ऐ. पृ.३४ ।

[13] ऐ. पृ. ३३ ।

[14] आर्थिक वर्ष २०७५/७६ को बजेटमा नेपाल सरकारले तीन लाख घरहरू निर्माण गर्ने उद्देश्यले बजेट विनियोजन गरेको छ । यहाँ उपलब्ध छ : https://mof.gov.np/en/

त्यस्तै बैंक तथा वित्तीय संस्थाहरूबाट आवास ऋण प्राप्त गर्नका लागि घर वा जमीन धितोको रूपमा आवश्यक पर्दछ । अहिले गरिबीमा रहेकाहरूका लागि उपयुक्त खालको वित्त वा सहुलियत कर्जाको अभाव रहेको छ ।[15]

समय समयमा हुने प्राकृतिक प्रकोप र जलवायु परिवर्तनका कारण सिर्जित नकारात्मक प्रभावले नेपालको आवासको समस्यालाई बारम्बार बढाउने गरेको छ । उदाहरणका लागि २०७२ को महाभूकम्पका कारण सबैभन्दा बढी प्रभावित १४ जिल्लामा भएको ७,००,३६१ घरहरूको क्षतिले आवासको समस्यालाई झन खराब बनायो ।[16] भूकम्पले सबैभन्दा बढी भूमिहीन, महिला, दलित तथा अन्य जाति र अल्पसङ्ख्यक समुदाय लगायत पहिल्यैदेखि जोखिममा रहेका तथा सीमान्तकृत मानिसलाई बढी असर गऱ्यो । त्यस्तै २०७४ को श्रावणमा आएको भीषण बाढी र पहिरोका कारण ४३,४०० घरहरू पूर्ण रूपमा क्षतिग्रस्त भए भने १९१,७०० घरहरू आंशिक रूपमा क्षतिग्रस्त भए ।[17] हालै २०७५ चैत्र १७ गतेको हावाहुरी र असिना पानीले बारा र पर्सा जिल्लामा २४०० भन्दा बढी घरहरू ध्वस्त भए ।[18]

प्राकृतिक प्रकोपहरूबाट सबैभन्दा बढी प्रभावित हुने धेरै जसोमा सीमान्तकृत समूह, तथाकथित तल्लो जाति, अपाङ्गता वा गम्भीर स्वास्थ्य समस्या भएका सदस्यहरू भएको परिवार र एकल व्यक्तिको नेतृत्वमा रहेको परिवार पर्दछन् ।[19] हालसम्म ठूलो सङ्ख्याका भूकम्प पीडितहरू आफ्नो आवास निर्माणको लागि सरकारको अनुदानको पर्खाइमा रहेका छन् । चौथो भूकम्प स्मृति दिवसमा जारी प्रेस विज्ञप्तीमार्फत राष्ट्रिय पुनर्निर्माण प्राधिकरणले दिएको जानकारीअनुसार सरकारले प्रदान गरेको आवास अनुदान लिएर ५०% आवासविहीन भूकम्पपीडितहरूले आफ्नो घर निर्माण गरेका छन् । चार वर्षपछि पनि अझै ५०% भूकम्पपीडितहरू आवास अनुदान लिएर आफ्नो घर पुनर्निर्माणका लागि व्यग्र प्रतिक्षमा रहेका छन् । त्यसमध्ये ३०% पुनर्निर्माणको प्रकृयामा रहेका छन् भने २०% ले पुनर्निर्माणको काम सुरू गरेका छैनन् ।[20]

---

[15] नेपाल राष्ट्र बैंकको पछिल्लो तथ्याङ्कअनुसार आवास तथा रियल स्टेट क्षेत्रमा रु. ८८ अरब बराबरको लगानी भएको छ । यसमा वाणिज्य बैंकहरूको रु. ६५ अरब, विकास बैंकहरूको रु. १० अरब र वित्त कम्पनीहरूको रु. १० अरब लगानी रहेको छ । नेपालको कुल गार्हस्थ उत्पादनमा हाउजिङ्ग र रियल इस्टेट क्षेत्रको योगदान आठ प्रतिशत रहेको छ । कर्मचारी सञ्चय कोषले हाउजिङ्ग र रियल स्टेट क्षेत्रमा रु. ७० करोड बराबरको लगानी गरेको छ जुन उसको कुल ऋण र लगानीको जम्माजम्मी एक प्रतिशत पनि होइन । यी सबै तथ्याङ्कले यो क्षेत्रमा श्रोत तथा कोषको कुन कमी नरहेको स्पष्ट सङ्केत गर्दछ । गरिब र न्यून आयस्तर भएका परिवारहरूको आवाससम्बन्धी वित्तीय आवश्यकतालाई पूर्ति गर्नका लागि अतिक्ति श्रोत परिचालनको प्रचुर संभावनाहरू रहेका छन् । हेर्नुहोस्, "Housing becoming unaffordable for the urban poor" *दी हिमालयन टाइम्स्*, , 3rd January 2018, https://thehimalayantimes.com/kathmandu/473098/

[16] राष्ट्रिय पुनर्निर्माण प्राधिकरण (RNA) ले २०७३ चैत्र ३ गते दिएको तथ्याङ्कअनुसार । हेर्नुहोस्, एम्नेस्टी इन्टरनेसनल, *"असमानता खडा गर्दै" : भूकम्पपछिको पुनर्निर्माण प्रयासहरूमा सीमान्तकृतहरूलाई संरक्षण गर्नमा सरकारको विफलता"*, २०७३, पृ. १४ ।

[17] आवासीय संयोजकको कार्यालयको वस्तुस्थितिसम्बन्धी प्रतिवेदन नं. ९, नेपाल : २०१७ को बाढी, (२० सेप्टेम्बर २०१७),
https://reliefweb.int/sites/reliefweb.int/files/resources/Nepal%20Flood%20Sitrep%2022%20September%202017.pdf

[18] अल्जजिरा : नेपाल स्टर्म : इन्टाएर भिलेज माउर्निङ्ग "बट फर अदर्ज इट इज अ फेस्टिबल"
https://www.aljazeera.com/blogs/asia/2019/04/nepal-storm-entire-village-mourning-festival-190404071315807.html

[19] ह्याबिट्याट फर ह्युमानिटि : https://www.habitat.org/where-we-build/nepal

[20] पुनर्निर्माणसम्बन्धी गतिविधिहरूको कार्यान्वयनको अनुगमन गर्न तथा पुनर्निमाणसम्बन्धी विभिन्न कानून र नीतिहरू तर्जुमा गर्न कार्यादेश प्राप्त राष्ट्रिय पुनर्निर्माण प्राधिकरणले मिति २०७६ वैशाख १० गते जारी गरेको प्रेस

एम्नेस्टी इन्टरनेसनलको सन् २०१७ को *“असमानता खडा गर्दै” : भूकम्पपछिको पुनर्निर्माण प्रयासहरूमा सीमान्तकृतहरूलाई संरक्षण गर्नमा सरकारको विफलता”* शीर्षकको अनुसन्धान प्रतिवेदनले पुनर्निर्माण प्रकृया ढिलो भएको मात्र हैन यो धेरै किसिमबाट खोटपूर्ण पनि रहेको औँल्याएको छ ।[21] खासगरी, भूमिहीन मानिसहरू (मालिकको भूमिमा अधिया वा बटायामा कमाई गरी बसिरहेका वा ऐलानी जग्गामा बसोबास गरिरहेका सुकुम्वासीहरू) आफूसँग जग्गाको लालपुर्जा नभएको कारण पुनर्निर्माणका लागि सरकारी अनुदान प्राप्त गर्न अयोग्य ठहरिए किनभने सरकारले पुनर्निर्माण अनुदान प्राप्त गर्नकालागि जमिनको स्वामित्व पुर्जा अर्थात लालपुर्जालाई मुख्य आधारका रूपमा लिएको थियो । पहिल्यै सीमान्तकृत अवस्थामा रहेका मानिसहरू घर निर्माण गर्नमा सरकारी अनुदान प्राप्त गर्नबाट बहिष्करणमा परेर अझ बढी पीडित हुने अवस्थामा पुगे । उक्त अनुसन्धानको आधारमा एम्नेस्टी इन्टरनेसलने नेपाल सरकारलाई निम्नानुसारका सिफारिसहरू गरेको थियोः

- भूमिहीन लगायत सबैभन्दा बढी सुविधाहीन समूहलाई प्राथमिकता दिएर भूकम्पबाट प्रभावित सबैको पर्याप्त आवासको अधिकार सुनिश्चित गर्ने ।
- सबै प्रकारको भूमि सम्बन्धको स्वरुपलाई समान मान्यता दिने र घर भत्किएर पीडित भएका सबैले अनुदान प्राप्त गर्ने व्यवस्था सुनिश्चित गर्ने,
- भूमिहीन तथा एकै छानामूनि रहेका क्षतिग्रस्त घरका सबै परिवारले सरकारी अधिकारीको अनुसन्धान र छिमेकी तथा समुदायका अन्य मानिसहरूसँगको सरजमिनको माध्यमद्वारा नगद अनुदान लिन मिल्ने सुनिश्चित गर्न शीघ्र नीति तयार गरी प्रभावकारी कार्यान्वयन गर्ने ।

तथापी, माथि उल्लिखित सुझावहरूको कार्यान्वयनमा पर्याप्त प्रगति भएको छैन । राष्ट्रिय पुनर्निमाण प्राधिकरणद्वारा २०७६ वैशाख १० मा जारी गरिएको प्रेस विज्ञप्तीमा सरकारले भूमिहीन पीडितहरूको समस्यालाई संबोधन गर्ने जनाएको छ ।[22] तर, प्राधिकरणले यसलाई कायान्वयन गर्ने सवालमा समयसीमासहितको विस्तृत कार्ययोजना दिन भने सकेको छैन । केही अघि सार्वजनिक गरिएको संयुक्त राष्ट्रसङ्घको प्रतिवेदन *“कम्युनिटि पर्सेप्सन रिपोर्ट : रिकन्स्ट्रक्सन, फुड सिक्युरिटी, लाइभ्लीहुड एण्ड प्रोटेक्सन”अनु*सार[23] निर्माण सामग्रीको चर्को मूल्यका कारण पीडितलाई घर निर्माण गर्न दिइएको सरकारी अनुदान अपर्याप्त भएको र पहिल्यैदेखि गरिबीमा रहेका धेरै भूकम्पपीडितहरूको जीवनयापनमा भूकम्पले असर पारेपछि उनीहरूको आर्थिक कठिनता थप गहिरिदा अवस्था थप जटिल बनेको छ ।

---

विज्ञप्ती । प्राधिकरणले ग्रामिण आवास पुनर्निर्माण कार्यक्रम (RHRP) पनि कार्यान्वयन गरिरहेको छ, http://www.nra.gov.np/np/resources/details/ErQA3xCSYYfzylqqkz6I9fz6GKey1aZp1j8INaxV43Q

[21] हेर्नुहोस् एम्नेस्टी इन्टरनेसनलको प्रतिवेदन *“असमानता खडा गर्दै” : भूकम्पपछिको पुनर्निर्माणमा सीमान्तकृतहरूलाई संरक्षण गर्नमा नेपाल सरकारको विफलता,* २०१७, पृ. ४४-४५ ।

[22] प्रेस विज्ञप्ती, http://www.nra.gov.np/np/content/press/0

[23] संयुक्त राष्ट्रसङ्घीय आवासीय संयोजकको कार्यालय, पुनर्निर्माण, खाद्य सुरक्षा, जीविकोपार्जन र संरक्षणसम्बन्धी सामुदायको बुझाइ , नोभेम्वर, २०१८, पृ. ११, http://www.cfp.org.np/uploads/documents/reconstruction-November2018-December-18-2018-16-55-20.pdf

# ३. संवैधानिक प्रतिज्ञाहरू

नेपालको संविधान २०७२ ले पहिलोपटक आवासको अधिकारलाई मौलिक हकको रूपमा एउटा अलग्गै धारामा व्यवस्था गरेको छ ।[24] धारा ३७ को "आवासको हक" अन्तर्गत दुईकिसिमको प्रत्याभूति गरिएको छ : (१) प्रत्येक नागरिकलाई उपयुक्त आवासको हक हुनेछ । (२) कानूनबमोजिम बाहेक कुनै पनि नागरिकलाई निजको स्वामित्त्वमा रहेको वासस्थानबाट हटाइने वा अतिक्रमण गरिने छैन ।

संविधान सभाको मौलिक हक र निर्देशक सिद्धान्त समितिले[25] प्रस्ताव गरेको प्रारम्भिक मस्यौदामा यसरी प्रस्तावित नगरिएको भएपनि, धारा ३७ (२) अन्तर्गतको जबर्जस्ती निष्कासनविरुद्धको प्रावधान त्रुटीपूर्ण रुपमा अस्तित्त्वमा आएको छ । यो उपधारामा रहेको जबर्जस्ती निष्कासनसम्बन्धी व्यवस्था पुर्णतः "स्वामित्वमा आधारित" रहेको छ । यसको अर्थ यो हुन्छकी आफ्नो स्वामित्वमा रहेको जमीनमा बनेको आवासमा बसोवास गर्नेहरूलाई मात्र जबर्जस्ती निष्कासनविरुद्धको संवैधानिक संरक्षण उपलब्ध छ । नेपालले अनुमोदन गरेको अन्तर्राष्ट्रिय मानवअधिकार कानूनको विपरीत आफ्नो आवाससम्बन्धको सुरक्षा नभएका, बहालमा बस्नेहरू वा जग्गा लिजमा लिएर बस्नेहरूलाई जबर्जस्ती निष्कासनविरुद्धको संरक्षण उपलब्ध छैन । समानताको हक (धारा १८) तथा मर्यादित जीवन जिउने अधिकारसम्बन्धी हक (धारा १६) लगायत अन्य अधिकारका आधारमा यसमा न्यायिक व्याख्या नआएसम्म धारा ३७ (२) लाई कार्यान्वय गर्नु भनेको "सुकुम्वासी" तथा अव्यवस्थित रूपमा बसोबास गरिरहेकाहरूलाई उनीहरूको आफ्नो वासस्थानबाट जबर्जस्ती हटाउन अधिकारीहरूलाई इजाजतपत्र दिनु सरह हुन पुग्दछ । यसलाई कि त न्यायिक व्याख्याका[26] माध्यमबाट वा संविधान संशोधनमार्फत सुधार गर्नु आवश्यक छ । त्यसैगरी, धारा ३७ अन्तर्गतको संवैधानिक संरक्षण नागरिकमा मात्र सीमित भएकोले यो संरक्षण सबैका लागि उपलब्ध गराउनु आवश्यक छ ।

संविधानले सीमान्तकृत र विभेदमा परेका समूहहरूलाई आवासको अधिकार उपलब्ध गराउने सवालमा राज्यको अलग्गै दायित्वहरू सिर्जना गरेको छ । दलितको हकअन्तर्गत "राज्यले

---

[24] अन्तरिम संविधान २०६३ ले विभिन्न आर्थिक, सामाजिक र साँस्कृतिक अधिकारहरूको पहिचान गरेको भएपनि आवासको अधिकारका सवालमा उक्त संविधानले कुनै प्रत्याभूति गरेको थिएन र यसलाई राज्यको निर्देशक सिद्धान्त र नीतिअन्तर्गत राखिएको थियो ।

[25] समितिको परिभाषाअनुसार आवासको अधिकार भन्नाले : "(१) हरेक नागरिकको कानूनमा व्यवस्था गरिएबमोजिम उचित आवासको अधिकार हुनेछ । (२) आफ्नो आवासबाट कुनै पनि नागरिकलाई निस्काशन गरिने छैन र कानूनबमोजिम बाहेक वा अदालतबाट आदेश भएको अवस्था बाहेक कसैको पनि आवासमा अतिक्रमण गरिने छैन ।" संविधान सभाको मौलिक हक र निर्देशक सिद्धान्त समितिले बुझाएको यस अवधारणासम्बन्धी प्रारम्भिक मस्यौदा खण्ड (२००९), पृ. ४५ ।

[26] धारा १३३ (१) र १२६ (१) ले सर्वोच्च अदालतलाई मौलिक हकअन्तर्गतका कुनै पनि प्रत्याभूतिलाई नेपालको अन्तर्राष्ट्रिय मानवअधिकार दायित्त्वका आधारमा सामञ्जस्यपूर्ण व्याख्या गर्ने अधिकार प्रदान गरेको छ ।

आवासविहीन दलितलाई कानून बमोजिम बसोबासको व्यवस्था गर्नेछ ।"[27] "सामाजिक न्यायको हक" अन्तर्गत आर्थिक रूपमा विपन्न र लोपोन्मुख समुदायका नागरिकलाई आवासको अधिकार लगायत अन्य "विशेष अवसर र सुविधाहरू" प्रत्याभूत गरिएका छन् ।[28] उक्त प्रत्याभूतिअन्तर्गत भनिएको छ : "आर्थिक रूपले विपन्न तथा लोपोन्मुख समुदायका नागरिकको संरक्षण, उत्थान, सशक्तीकरण र विकासका लागि शिक्षा, स्वास्थ्य, आवास, रोजगारी, खाद्यान्न र सामाजिक सुरक्षामा विशेष अवसर तथा लाभ पाउने हक हुनेछ ।" धारा ४२ (५) मा विगतका द्वन्द्व, प्रजातान्त्रिक आन्दोलन र क्रान्तिका पीडितहरूको "न्यायपूर्ण र उचित सम्मान सहितको शिक्षा, स्वास्थ्य, रोजगारी, आवास र सामाजिक सुरक्षामा कानून बमोजिम प्राथमिकताका साथ अवसर पाउने हक" लाई प्रत्याभूत गरिएको छ ।[29] आवासको हकलाई पूर्णरूपमा प्राप्ति गरेको सुनिश्चित गर्नका लागि अन्य मौलिक हकहरूको पनि विशेष महत्त्व रहेको हुन्छ । संविधानको धारा १६ ले प्रत्येक व्यक्तिको सम्मानपूर्वक बाँच्न पाउने हकलाई प्रत्याभूत गरेको छ । नेपालको सर्वोच्च अदालतले आवास उपलब्ध नगराएकोमा सरकारलाई जिम्मेवार बनाउन धेरै मुद्दाहरूमा मर्यादित जीवन जिउने हकलाई उपयोग गरेको छ ।[30] महिला, दलित, मधेशी, थारु लगायतका आदिवासी, जनजाति र किसानहरूलाई मर्यादित र समानतामा आधारित जीवन जिउन सक्षम बनाउनका लागि संविधानको धारा १८ को समानताको हकसम्बन्धी प्रावधानअनुसार राज्यले कानून बनाएर विशेष व्यवस्था गर्नुपर्ने हुन्छ ।[31] सीमान्तकृत तथा विभेदमा परेका समूहहरूको आवासको अवस्थामा सुधार ल्याउन तथा आवासविहीनताको अवस्थालाई रोक्नलाई यस किसिमको विशेष व्यवस्था गर्न सकिन्छ ।

राज्यका निर्देशक सिद्धान्त (धारा ५० र ५१), नीति तथा दायित्वअन्तर्गत पनि आवासको अधिकारलाई प्रभाव पार्ने थुप्रै प्रतिज्ञाहरू गरिएका छन् । निर्देशक सिद्धान्तहरू अदालतद्वारा लागू नहुने भनिए पनि सर्वोच्च अदालतले मौलिक हकसँग तिनको सम्बन्ध हुने कुरालाई मान्यता दिएको छ । उदाहरणका लागि, *योगी नरहरीनाथको मुद्दा*मा, सर्वोच्च अदालतले राज्यको निर्देशक सिद्धान्त र नीतिविरुद्ध हुने सरकारका जुनसुकै निर्णयलाई अदालतले न्यायिक निगरानीको विषय बनाउन सक्ने भनी स्पष्ट पारेको छ ।[32] योगी नरहरीनाथको मुद्दामा प्रयोग गरिएको निर्णयाधार (औचित्य) लाई सर्वोच्च अदालतले राज्यका निर्देशक सिद्धान्त र नीतिविरुद्धका सरकारी निर्णयहरूलाई चुनौती दिँदै दायर गरिएका थुप्रै मुद्दाहरूमा पछ्याउँदै आएको छ ।

"सामाजिक न्याय तथा समावेशीकरणसम्बन्धी नीति"मा "मुक्त कमैया, कम्हलरी, हरवा, चरवा, हलिया, भूमिहीन, सुकुम्बासीहरूको पहिचान गरी बसोबासका लागि घर घडेरी तथा जीविकोपार्जनका

---

[27] नेपालको संविधान २०७२, धारा ४० (६) ।

[28] ऐ, धारा ४२ (२) ।

[29] धारा ४२ (५) मा लेखिएको छ : "नेपालमा अग्रगामी लोकतान्त्रिक परिवर्तनको लागि भएका सबै जन आन्दोलन, सशस्त्र संघर्ष र क्रान्तिका क्रममा जीवन उत्सर्ग गर्ने शहीदका परिवार, बेपत्ता पारिएका व्यक्तिका परिवार, लोकतन्त्रका योद्धा, द्वन्द्वपीडित र विस्थापित, अपांगता भएका व्यक्ति, घाइते तथा पीडितलाई न्याय एवं उचित सम्मान सहित शिक्षा, स्वास्थ्य, रोजगारी, आवास र सामाजिक सुरक्षामा कानूनबमोजिम प्राथमिकताका साथ अवसर पाउने हक हुनेछ ।"

[30] उदाहरणका लागि सर्वोच्च अदालतले *प्रोपब्लिकका तर्फबाट प्रकाशमणि शर्मा समेत वि.नेपाल सरकार* (दर्ता नं २०६५-W0-१४९) मुद्दामा मर्यादित जीवन जिउने अधिकार र खाद्य संप्रभुताको अधिकारबीचको सम्बन्धलाई पहिचान गर्दै खाद्यान्नको अभावमा कोही पनि बाँच्न नसक्ने र यदि खाद्यान्न अभावको समस्या तत्काल संबोधन नगर्ने हो भने यसबाट हुने क्षति अपूरणीय हुने तथा यसको उपचार जति ढिलो भयो उति बढी यो बिरामीको मृत्युपछि डाक्टर उपलब्ध गराए जस्तै हुनेछ भनेर व्याख्या गरेको छ । विस्तृत जानकारीका लागि हेर्नुहोस्, संयुक्त राष्ट्रसङ्घीय विश्व खाद्य कार्यक्रम (UN FAO), *रिभिउ अफ दी लेजिस्लेटिभ फ्रेमओर्क एण्ड जुरिस्प्रुडेन्स कन्सर्निङ द राइट टु फुड इन नेपाल,* २०१४, पृष्ठ 99-108, www.fao.org/right-to-food/resources/resources-detail/en/c/253864/

[31] नेपालको संविधान २०७२, धारा १८ (३) को प्रतिबन्धात्मक व्यवस्था (Proviso)

[32] *योगी नरहरीनाथ समेत वि. सम्माननीय प्रधानमन्त्री गिरिजा प्रसाद कोइराला समेत* (सन् १९९६), ने.का.प., पृ. ३३ ।

लागि कृषियोग्य जमीन वा रोजगारीको व्यवस्था गर्दै पुनर्स्थापना गर्न"[33] राज्यलाई स्पष्ट मार्गनिर्देशन गरिएको छ। त्यसैगरी "आदिवासी जनजातिलाई उनीहरूको सरोकार हुने निर्णयहरूमा सहभागी गराउन" तथा आफ्नो पहिचानसहित सम्मानपूर्वक बाँच्न पाउने अधिकार सुनिश्चित गर्न अवसर तथा लाभका लागि विशेष व्यवस्था गर्न" राज्यलाई निर्देशित गरिएको छ।[34] त्यसैगरी "उत्पीडित तथा पिछडिएको क्षेत्रका नागरिकको आधारभूत आवश्यकता परिपूर्ति"का लागि विशेष व्यवस्था समेत गरी उनीहरूको "उत्थान, सशक्तीकरण र विकास"सम्बन्धी जिम्मेवारी राज्यलाई प्रदान गरिएको छ।[35] यसको अतिरिक्त "सामाजिक सुरक्षा र सामाजिक न्याय प्रदान गर्न सबै लिङ्ग, क्षेत्र र समुदायभित्रका आर्थिक रूपले विपन्नलाई प्राथमिकता प्रदान गर्न"का लागि संविधानले नीतिगत मार्गनिर्देशन गरेको छ। प्राकृतिक प्रकोपबाट[36] हुने जोखिम न्यूनीकरण गर्ने सवालमा राज्यको दायित्व स्पष्ट पार्ने सवालमा संविधानले "पूर्व सूचना, तयारी, उद्धार, राहत एवं पुनर्स्थापना"का लागि सरकारलाई जिम्मेवार बनाएको छ।[37] नागरिकको आधारभूत अधिकारसम्बन्धी नीतिका सम्बन्धमा अव्यवस्थित बसोवासलाई व्यवस्थित गर्न तथा योजनाबद्ध र व्यवस्थित आवासको विकास गर्न राज्यलाई निर्देशन गरिएको छ।[38]

सन् २०१२ को राष्ट्रिय आवास नीतिमा उल्लेख गरिएअनुसार "सबैलाई सुरक्षित, पर्याप्त र मूल्यशूलभ आवास"को व्यवस्था गर्नु राज्यको अभिष्ट रहेको छ। त्यसैगरी, एउटा *मिसन स्टेटमेन्ट*ले "गरिबीको रेखामुनि रहेका तथा अव्यवस्थित र असुरक्षित स्थानमा बसोबास गरिरहेका परिवार"लाई आवासको परिधिभित्र ल्याउने परिकल्पना गरेको छ।

---

[33] नेपालको संविधान, धारा ५१ (ञ)।

[34] ऐ, धारा ञ (८)।

[35] ऐ, धारा ५१ ञ (११)।

[36] यो "प्राकृतिक साधन स्रोतको संरक्षण, संवर्धन र उपयोगसम्बन्धी नीति" को एक भागको रूपमा रहेको छ।

[37] नेपालको संविधान, धारा ५१ छ (९)

[38] ऐ, धारा ५१ ज (११)।

# ४. अन्तर्राष्ट्रिय मानवअधिकार दायित्व

मानवअधिकारसम्बन्धी विश्वव्यापी घोषणपत्र १९४८[39] ले आवासको अधिकारलाई पर्याप्त जीवनस्तरको अधिकारको रूपमा मान्यता दिएको छ। यसलाई पछि नेपालको लागि समेत बाध्यकारी हुने निम्न सन्धिहरूमा प्रत्याभूत गरिएको छ :

- आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध (*आइसिइएससिआर*),[40]
- बालअधिकारसम्बन्धी महासन्धि (*सिआरसि*),[41]
- सबै प्रकारका जातीय विभेद उन्मूलनसम्बन्धी महासन्धि (*सर्ड*),[42]
- महिलाविरुद्ध हुने सबै प्रकारका विभेद उन्मूलनसम्बन्धी महासन्धि (*सिड*)[43] र
- अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धि (*सिआरपिडि*)[44]।

नेपालले अन्तराष्ट्रिय श्रम सङ्गठन(*आइएलओ*)को आदिवासी जनतासम्बन्धी महासन्धि, १९८९ (आएलओ महासन्धि १६९)[45] लाई पनि अनुमोदन गरेको छ जसले आदिवासी जनताहरूको आवासको अधिकारमा अर्थ राख्दछ।

*आइसिइएससिआर*को धारा ११ (१)मा गरिएको व्यवस्था पर्याप्त आवासको अधिकार संरक्षणका लागि महत्त्वपूर्ण छ : "यस अनुबन्धका पक्ष राष्ट्रहरूले प्रत्येक व्यक्तिले पर्याप्त भोजन, लुगा र आवाससमेत आफू स्वयं र आफ्नो परिवारको पर्याप्त जीवनस्तरको तथा जीवनावस्थाको निरन्तर सुधारको अधिकारलाई स्वीकार गर्दछन्। पक्ष राष्ट्रहरूले यस प्रयोजनका लागि स्वतन्त्र सहमतिमा आधारित

---

[39] विश्वव्यापी घोषणपत्रको धारा २५ (१) मा भनिएको छ : प्रत्येक व्यक्ति र निजको परिवारको स्वास्थ्य र कल्याणको लागि खाद्यान्न, कपडा, आवास र औषधोपचारको सुविधा र आवश्यक सामाजिक सेवाहरू लगायत पर्याप्त जीवनस्तरको अधिकार तथा बेरोजगारी, बिरामी, अशक्तता, विधवा, बुढेसकाल वा आफ्नो काबू बाहिरको परिस्थितिहरूमा जीविकोपार्जनको उपायका अभावमा सुरक्षा पाउने अधिकार छ।"

[40] २०४७ भाद्र २९ मा अनुमोदन गरिएको।

[41] २०४७ भाद्र २९ मा अनुमोदन गरिएको।

[42] २०२९ पौष २९ मा अनुमोदन गरिएको।

[43] २०४८ वैशाख ९ मा अनुमोदन गरिएको।

[44] २०६७ वैशाख २४ मा अनुमोदन गरिएको।

[45] २०६४ भाद्र १० मा अनुमोदन गरिएको।

अन्तर्राष्ट्रिय सहयोगको अत्यावश्यकताको महत्त्व स्वीकार गर्दै यस अधिकार प्राप्ति सुनिश्चित गर्न उपयुक्त कदमहरू चाल्नेछन् ।"

*आइसिएससिआर*को धारा ११ को दायरालाई आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार समिति ( *सिइएससिआर*) ले आफ्नो सामान्य टिप्पणी नं. ४ (१९९१) मा आवासको अधिकार[46] सम्बन्धमा र टिप्पणी नं. ७ (१९९७) मा जबर्जस्ती निष्कासन[47] का सम्बन्धमा थप व्याख्या गरेको छ । आवासको अधिकारअन्तर्गत साधरणतया सात वटा मुख्य अन्तर्वस्तुहरू रहेको भनी व्याख्या गरिएको छ : भोगचलनको कानूनी संरक्षण[48]; सेवा, सामग्री, सुविधा र पूर्वाधारको उपलब्धता[49]; मूल्यसुलभता[50]; वासयोग्यता[51]; पहुँचता[52]; अवस्थिति[53]; र साँस्कृतिक पर्याप्तता[54] ।

*आइसिइएससिआर*को धारा २(२) मा व्यवस्था गरिएको भेदभावविरुद्धको अधिकार आवासको अधिकार लगायत सबै आर्थिक, सामाजिक र साँस्कृतिक अधिकारमा लागू हुन्छ ।[55]

*सर्ड*ले आवासको अधिकारको सन्दर्भमा वंश, जाति, वर्ण वा राष्ट्रियताका आधारमा विभेद गर्न रोक लगाएको छ ।[56] त्यसैगरी *सिड*ले पक्ष राष्ट्रहरूलाई ग्रामीण भेगका महिलाहरूको आवासको सन्दर्भमा उनीहरूले पर्याप्त जीवनस्तरलाई उपभोग गरेको सुनिश्चित गर्न उनीहरूविरुद्ध हुने विभेदलाई उन्मूलन गर्ने दायित्व प्रदान गरेको छ ।[57] बालअधिकारसम्बन्धी महासन्धीले आवासका सवालमा आवश्यक परेको खण्डमा परिवार र बालबालिकालाई भौतिक सहयोग र सहायता प्रदान गर्नुपर्ने दायित्व सुम्पेको छ ।[58]

---

[46] सामान्य टिप्पणी नं. ४ : पर्याप्त आवासको अधिकार (अनुबन्धको धारा ११ (१)), संयुक्त राष्ट्रसङ्घको दस्तावेज, https://tbinternet.ohchr.org/_layouts/treatybodyexternal/Download.aspx?symbolno=INT%2fCESCR%2fGEC%2f4759&Lang=en

[47] सामान्य टिप्पणी नं. ७ : पर्याप्त आवासको अधिकार (अनुबन्धको धारा ११ (१)): जबर्जस्ती निष्कासन, युएन डकुमेन्ट, E/1998/22, अनुसूची IV, https://tbinternet.ohchr.org/_layouts/treatybodyexternal/Download.aspx?symbolno=INT%2fCESCR%2fGEC%2f6430&Lang=en

[48] उपद्रवी पुनर्विकास तथा विस्थापन लगायत जबर्जस्ती निष्कासन, उत्पीडन र अन्य खतराहरूविरुद्धको संरक्षणलाई प्रत्याभूत गर्ने भोगचलनसम्बन्धी सुरक्षा ।

[49] स्वास्थ्य, सुरक्षा, आराम र पोषणका लागि आवश्यक सुविधाहरूको उपलब्धता ।

[50] अन्य आधारभूत आवश्यकताहरूको प्राप्ति र सन्तुष्टीमा सम्झौता नहुने चुनौती नथपिने हदसम्म आवासको सुविधाको मूल्यसुलभता ।

[51] बस्न योग्य भन्नाले चिसो, आर्द्रता, तातो, वर्षा, हुरी वा अन्य स्वास्थ्यजन्य खतरा, संरचनागत जोखिम, रोगब्याधि आदिबाट सुरक्षित भन्ने बुझिन्छ ।

[52] आवासको श्रोतहरूमा सबैको पहुँचगम्यता, रोजगारीका विकल्पहरू, स्वास्थ्य सेवाहरू, स्कूल, शिशु स्याहार केन्द्र र अन्य सामाजिक सुविधाहरूमाथिको पहुँच सहज हुने उपयुक्त स्थान ।

[53] रोजगारीका विकल्पहरू, स्वास्थ्य सेवाहरू, स्कूल, शिशु स्याहार केन्द्र र अन्य सामाजिक सुविधाहरूमाथिको पहुँच सहज हुने उपयुक्त स्थानमा पर्याप्त आवास भएको हुनुपर्दछ ।

[54] साँस्कृतिक रूपमा पर्याप्त भन्नाले साँस्कृतिक चिन्ह तथा संस्थाहरू लगायत साँस्कृतिक पहिचान र विविधताको अभिव्यक्तिको प्रत्याभूतिलाई बुझ्नुपर्दछ ।

[55] धारा २(२) मा व्यवस्था निम्न व्यवस्था गरिएको छ : "पक्ष राष्ट्रहरूले यो अनुबन्धमा उल्लेख गरिएका अधिकारहरूलाई वंश, वर्ण, लिङ्ग, भाषा, धर्म, राजनीतिक वा अन्य विचार, सामाजिक वा राष्ट्रिय उद्गम, सम्पत्ति, जन्म वा अन्य कुनै अवस्था आदिका आधारमा कुनै भेदभावबिना प्रत्याभूत गर्नेछन् ।"

[56] धारा ५ (ङ) (इ) ।

[57] धारा १४ (२) (ज) ।

[58] धारा २७ (३) ।

*आसिइएससिआर* समिति (*सिइएससिआर*)ले “आवासको अधिकारलाई केवल एउटा छानो प्रदान गरिएको वा आश्रय दिईएको अवस्थालाई केवल कुनै भोग्य वस्तुका रूपमा लिने जस्तो सङ्कुचित वा बन्देजात्मक अर्थमा व्याख्या गर्न नमिल्ने”[59] भनी स्पष्ट पारेको छ । *सिइएससिआर*ले पर्याप्तताको अवधारणाको महत्त्वलाई उजागर गर्दै कुनै निश्चित प्रकृतिको आश्रयले यस अनुबन्धको उद्देश्यका लागि “पर्याप्त आवास”को स्वरूप ग्रहण गर्छ वा गर्दैन भन्ने निर्धारण गर्नका लागि सबै सातैवटा अन्तर्वस्तुहरूलाई ध्यानमा लिनुपर्ने कुरालाई औँल्याएको छ ।[60] यसले थप उल्लेख गरेको छकी वृद्ध, बालबालिका, शारीरिक अपाङ्गता भएका व्यक्तिहरू, सिकिस्त विमारी, *एचआइभि पोजिटिभ* सङ्क्रमित व्यक्तिहरू, दीर्घकालीन स्वास्थ्य समस्यामा परेका व्यक्तिहरू, मानसिक विरामीहरू, प्राकृतिक प्रकोपबाट पीडित भएकाहरू र प्राकृतिक प्रकोपको जोखिममा रहेका व्यक्तिहरू जस्ता सुविधाबाट वञ्चित समूहहरूलाई विशेष ध्यान दिनुपर्ने हुन्छ । आवाससम्बन्धी कानून र नीतिहरूले यस्ता समूहहरूको आवाससम्बन्धी विशेष आवश्यकतालाई ध्यान दिनुका साथै भूमिहीन र समाजका गरिब सुमदायको भूमिमाथिको पहुँचलाई वृद्धि गर्नु पर्छ ।[61]

*आइसिइएससिआर*को धारा २ (१) अन्तर्गतको राज्यको दायित्वको प्रकृति र क्षेत्रको आधारमा,[62] पर्याप्त आावासको अधिकार प्राप्तिका लागि पक्ष राष्ट्रका तीन किसिमका दायित्वहरू रहेका छन् : सम्मान गर्ने, संरक्षण गर्ने र परिपूर्ति गर्ने दायित्व ।

यसकारण नेपाल सरकारले यी दायित्वहरू पालना गर्नका लागि क) पर्याप्त आवासको अधिकारको उपभोगमाथि प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा हस्तक्षेप गर्नबाट टाढा रहने; ख) नीजि क्षेत्र र अन्य गैर राज्य पक्षलाई पर्याप्त आवासको अधिकारको उपभोगमाथि हस्तक्षेप गर्नबाट रोक्ने; र ग) पर्याप्त आवासको अधिकारलाई पूर्ण रूपमा प्राप्ति गर्नका लागि आवश्यक प्रगतिशील कानूनी, प्रशासनिक, आर्थिक, प्रवर्धनात्मक लगायतका अन्य उपायहरूको अवलम्वन गर्ने कार्य गर्नुपर्दछ ।

सबैका लागि प्रत्येक अधिकारको न्यूनतम आधारभूत तह सुनिश्चित गर्नका लागि राज्यले आफ्नो “न्यूनतम मूलभूत दायित्वहरू”लाई प्राथमिकिकरण गर्नु उसको कर्तव्य हुन्छ । *सिइएससिआर*ले स्पष्ट पारेको छ की “यदि कुनै पक्ष राष्ट्रमा उल्लेख्य जनताहरू आधारभूत खाद्यान्न, प्राथमिक स्वास्थ्य उपचार, आधारभूत आश्रय र आवास वा न्यूनतम आधारभूत शिक्षाबाट वञ्चित रहेका छन् भने उक्त पक्ष राष्ट्र यो अनुबन्धअन्तर्गतको दायित्व पुरा गर्न प्रथम दृष्टिमै विफल भएको हुनेछ ।”[63]

---

[59] संयुक्त राष्ट्रसङ्घीय आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारसम्बन्धी समिति (सिइएससिआर), ‘सामान्य टिप्पणी नं ४ : पर्याप्त आवासको अधिकार, अनुबन्धको धारा ११(१))’ पृ.७, १३ डिसेम्बर १९९१, www.refworld.org/docid/47a7079a1.html%20(hereinafter:%20CESCR,%20%E2%80%98General%20Comment%20No.%204%E2%80%99).

[60] संयुक्त राष्ट्रसङ्घीय आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारसम्बन्धी समिति (*सिइएससिआर*), ‘सामान्य टिप्पणी नं.४ : पर्याप्त आवासको अधिकार अनुबन्धको धारा ११(१))’ पृ.७, १३ डिसेम्बर १९९१ ।

[61] सिइएससिआर, ‘सामान्य टिप्पणी नं.४’ पृ. ड.८ (ङ) ।

[62] “यस अनुबन्धका हरेक पक्ष राष्ट्रहरूले नीजि तवरमा र अन्तर्राष्ट्रिय सहायता र सहयोग खासगरी आर्थिक तथा प्राविधिक सहयोगका आधारमा यस अनुबन्धमा व्यवस्था गरिएका अधिकारहरूलाई प्रगतिशील तवरमा महशुसीकरण गराउनका लागि विशेषगरी कानुनी उपाय लगायत आफूसँग उपलब्ध भएसम्मका श्रोतहरूको आधारमा कदमहरू उठाउनेछन् ।”

[63] *सिइएससिआर,* सामान्य टिप्पणी नं. ३ । पक्ष राष्ट्रका दायित्वहरू (अनुबन्धको धारा २, पृ. १) (पाँचौ सत्र, १९९०), UN Doc. E/1991/23, परिच्छेद १०, www.escr-net.org/resources/general-comment-3

सम्बन्धित सन्धिजनित निकायहरूले विभिन्न सन्धिअन्तर्गतका मानवअधिकार दायित्वहरू पुरा गर्न नेपालले गरेको प्रयत्नहरूको बारेमा मूल्याङ्कन गर्दै विभिन्न सिफारिसहरू गरेका छन् । त्यस्ता सिफारिसहरूले आवासको अधिकारका सम्बन्धमा विशेष अर्थ राख्दछन् । *सिइएससिआर, सर्ड* समिति र *सिड* समितिले दिएका मुख्य सिफारिसहरू क्रमशः तल उल्लेख गरिएका छन् :

- कुन अवस्थामा निष्कासन गरिने हो र यससम्बन्धीका बचाऊहरू के के हुनसक्छ भन्ने कुरालाई निर्धारण गर्न कानून बनाउने र निष्कासनलाई अन्तिम उपायको रूपमा मात्र प्रयोग गर्ने ।[64]
- जबर्जस्ती निष्कासनमा पारिएकाहरूका लागि वैकल्पिक आवास वा पर्याप्त क्षतिपूर्ति उपलब्ध गराएको सुनिश्चित गर्ने ।[65]
- निष्कासन अन्तर्राष्ट्रिय मापदण्डअनुरुप हुने कुरालाई प्रत्याभूत गर्ने ।[66]
- मुक्त बँदुवा श्रमिकहरूका लागि आवासमा पहुँच वृद्धि लगायत उनीहरूको पूर्ण पुनर्स्थापना र एकीकरण भएको सुनिश्चित गर्ने ।[67]
- "मूल्यसूलभ र पर्याप्त आवास" लगायतका व्यवस्थाका माध्यमबाट मुक्त बँदुवा श्रमिकहरूको स्वेच्छिक र दीर्घकालीन पुनर्वास तथा पुनर्स्थापनाको लागि कोष प्रवाह गर्ने ।[68]
- विशेष अवसर कानून अवलम्बन गर्ने र परस्पर विभाजित र विविध स्वरुपको विभेद[69] सामना गरिरहेका महिलाहरूको लागि आवास, कर्जा तथा आय आर्जनका अवसहरूमा पहुँच वृद्धि गर्ने उपायहरू चाल्ने ।[70]

---

[64] *सिइएससिआर,* नेपालको तेश्रो आवधिक प्रतिवेदनमाथिको निष्कर्श टिप्पणीहरू, सन् २०१४ नोभेम्बर २८ मा गरिएको ७० औं बैठकले अवलम्वन गरेको, अनुच्छेद २४ (क) ।

[65] ऐ, अनुच्छेद २४ (ख) ।

[66] *सर्ड*का प्रावधान कार्यान्वयनसम्बन्धी नेपालको १७ औंदेखि २३ औं आवधिक प्रतिवेदनमाथि सर्ड कमिटिको निष्कर्श टिप्पणी (१ मे २०१८), अनुच्छेद १४ ।

[67] *सिइएससिआर,* नेपालको तेश्रो आवधिक प्रतिवेदनमाथिको निष्कर्श टिप्पणी, २८ नोभेम्बर २०१४, अनुच्छेद १८ ।

[68] *सर्ड*का प्रावधान कार्यान्वयनसम्बन्धी नेपालको १७ औंदेखि २३ औं आवधिक प्रतिवेदनमाथि सर्ड कमिटिको निष्कर्श टिप्पणी (१ मे २०१८), अनुच्छेद २८ ।

[69] आदिवासी जनजाति महिला, दलित महिला, ग्रामीण महिला, अपाङ्गता भएका महिलाहरू र हिन्दु समुदायका विधवा महिला लगायत द्वन्द्व र प्राकृतिक प्रकोपबाट प्रभावित महिलाहरूसमेत ।

[70] *सिड* समिति, नेपालको छैठौं आवधिक प्रतिवदेनमाथिको निष्कर्श टिप्पणी, १४ नोभेम्वर २०१८, अनुच्छेद १७ (क) ।

# ५. आवासको अधिकारसम्बन्धी ऐनमाथि टिप्पणी

## ५.१. ऐनको दायरा :

ऐनको प्रस्तावनाले “आवासविहीन नेपाली नागरिकलाई उपयुक्त र सुरक्षित आवास सुविधा उपलब्ध गराउन आवश्यक व्यवस्था गर्ने”[71] परिकल्पना गरेको छ । आवासविहीन मानिसहरूलाई आवास उपलब्ध गराउने कुरा महत्त्वपूर्ण छ तर यो ऐनको दायराले आवासको अधिकारसम्बन्धी सबै महत्त्वपूर्ण तत्त्वहरूलाई समेट्नु पर्दथ्यो । जबर्जस्ती निष्कासन, आवास तथा भूमिसम्बन्धको सुरक्षाको इन्कारी, विभेद र बहिष्करण लगायतका “आवासविहीनताको अन्तर्निहित कारण”हरूलाई संबोधन गर्ने तथा अन्तर्राष्ट्रिय मानवअधिकार दायित्व र संवैधानिक रुपरेखा[72] अन्तर्गत “सबैले पर्याप्त आवासको अधिकारको प्राप्तिका लागि आवश्यक पर्ने वातावरण सृजना गर्ने” कुरा यस ऐनको मुख्य उद्देश्य हुनुपर्दथ्यो ।

सबै दृष्टिबाट हेर्दा यस ऐनअनुसार सरकारको आवाससम्बन्धी दृष्टिकोण प्राथमिक रूपमा स्वामित्वमा आधारित रहेको देखिन आउँछ । तथापि, पर्याप्त आवास भनेको एउटा घरको स्वामित्व हुनु मात्र नभएर आवास सम्बन्धको सुरक्षाको कुरा पनि हो । यसमा बहालमा आधारित आवास पनि समावेश हुने र बजारमा बहालवाला आवास सबैका लागि मूल्यसुलभ भएको सुनिश्चित गर्ने व्यवस्था, तथा बहालमा बसेकाहरूलाई जबर्जस्ती निष्कासन गर्ने, स्वेच्छाचारी भाडा वृद्धि गर्ने, आवासका न्यूनतम मापदण्डहरू पुरा गरेको सुनिश्चित नगर्ने जस्ता घरधनीहरूबाट हुने स्वेच्छाचारी कार्यबाट बहालमा बसेकाहरूको संरक्षणको लागि उचित कानुन र नियम बनाउने कुरासमेत पर्दछ । बहालवाला आवासका बारेमा ऐनमा कुनै पनि प्रावधान नहुनु एउटा ठूलो कमजोरी हो र यसलाई संशोधनमार्फत संबोधन गरिनु पर्दछ ।

***सिफारिस:***

- *“आवासविहीनताका अन्तर्निहित कारण” संबोधन गर्न तथा सीमान्तकृत र विभेदमा परेका समूह लगायतले आवासको अधिकारलाई उपभोग गर्नका लागि एउटा उपयुक्त वातावरण*

---

[71] प्रस्तावना, आवासको अधिकारसम्बन्धी ऐन २०७५ ।

[72] विस्तृत संवैधानिक संरचनामाथिको छलफल माथि हेर्नुहोस् (“३. संवैधानिक प्रतिज्ञाहरू”)

*तयार गर्न" कानूनको दायरालाई फराकिलो पार्न ऐन संशोधन गर्ने ।*

- *बजारमा बहालमा आधारित आवास मूल्यसुलभ भएको सुनिश्चित गर्न तथा घरधनीहरूको स्वेच्छाचारी कार्यबाट बहालमा बस्नेहरूलाई संरक्षित गर्न बहालमा आधारित आवाससम्बन्धी प्रावधानहरूसमेत राख्दै ऐन संशोधन गर्ने ।*

## ५.२. गैरनागरिकहरूको कानूनी संरक्षण :

सबैका लागि आवासको अधिकार समान हिसाबमा लागू हुनुपर्नेमा[73] ऐनको दफा ३ ले कानूनी संरक्षणको दायरा नागरिकको हकमा मात्र सीमत गराएको छ ।[74] यो ऐनले गैरनागरिकहरूलाई *आइसिइएससिआर*मा प्रत्याभूत गरिएका मूल कुराहरू[75] (जस्तै आवाससम्बन्धको सुरक्षा, जबर्जस्ती निष्कासनबाट संरक्षण) दावि गर्नबाट पनि वञ्चित गरेको छ । संयुक्त राष्ट्रसङ्घीय उच्चायुक्तको कार्यालय (OHCHR) द्वारा निकालिएको आवासको अधिकारसम्बन्धी एउटा प्रतिवेदनले राज्यहरूलाई नागरिक र गैरनागरिक दुवैको आवासको अधिकारलाई समान रूपले र अझ विशेषगरी आवास व्यवस्थामा कुनै पृथकीकरण नगरी तथा आवास उपलब्ध गराउने निकायहरूले कुनै पनि विभेदजन्य अभ्यास नगरेको प्रत्याभूत गर्न आह्वान गरेको छ ।[76]

*सिइएससिआर*ले आफ्नो सामान्य टिप्पणी नं. ३ मा "यदि कुनै पक्ष राष्ट्रमा उल्लेख्य जनताहरू आधारभूत खाद्यान्न, प्राथमिक स्वास्थ्य उपचार, आधारभूत आश्रय र आवास वा न्यूनतम आधारभूत शिक्षाबाट वञ्चित रहेका छन् भने उक्त पक्ष राष्ट्र यो अनुबन्धअन्तर्गतको दायित्व पुरा गर्न प्रथम दृष्टिमै विफल भएको हुनेछ" भनेको छ । आप्रवासी र शरणार्थी लगायतका गैरनागरिकको हकमा पनि आवासको अधिकारमा उनीहरूको आधारभूत पहुँचलाई इन्कार गर्न मिल्दैन । देशमा बसोवास गर्ने सबैलाई कानून र अन्य प्रभावकारी उपायका माध्यमबाट विभेद, उत्पीडन, सेवाबाट वञ्चितिकरण वा अन्य त्रास वा धम्कीबाट संरक्षण प्रदान गरिनुपर्दछ ।[77] एम्नेस्टी इन्टरेनसनल नेपाल सरकारलाई यो ऐन संशोधन गरी आफ्नो क्षेत्राधिकारमा बसोबास गर्ने सबैले आवासको अधिकारसम्बन्धी न्यूनतम विषयमा पहुँच प्राप्त गरेको सुनिश्चित गर्न आह्वान गर्दछ ।

***सिफारिस:***

- *पर्याप्त आवासको अधिकारको न्यूनतम मूल विषयहरू (जबर्जस्ती निष्कासन, उत्पीडन र विभेदविरुद्ध संरक्षण) सुनिश्चित गर्ने सन्दर्भमा आप्रवासी र शरणार्थी लगायतका गैरनागरिकलाई पनि समाहित गर्ने गरी कानूनी संरक्षणको दायरा बढाउने ।*

---

[73] *आइसिइएससिआर*को धारा ११ (१) ले पक्ष राष्ट्रहरूलाई "प्रत्येक व्यक्तिले पर्याप्त भोजन, लुगा र आवाससमेत आफू स्वयं र आफ्नो परिवारको पर्याप्त जीवनस्तरको तथा जीवनावस्थाको निरन्तर सुधारको अधिकारलाई स्वीकार गर्न" बाध्यात्मक पारेको छ ।

[74] दफा ३ (१) मा उल्लेख गरिएको छ : "प्रत्येक नागरिकलाई उपयुक्त आवासको अधिकार हुनेछ र त्यस्तो अधिकारको सम्माान, संरक्षण र परिपूर्ति यस ऐन तथा अन्य प्रचलित कानून बमोजिम हुनेछ ।"

[75] हेर्नुहोस्, आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार समितिको पर्याप्त आवासको अधिकारसम्बन्धी सामान्य टिप्पणी नं ४ (१९९१) । सामान्य टिप्पणीमा उल्लेख गरिएअनुसार नागरिक र गैरनागरिक दुवैले पर्याप्त आवासको अधिकारलाई समान रूपमा उपभोग गर्न पाएको प्रत्याभूत गर्ने बाध्यकारी दायित्व राज्यमा रहेको हुन्छ ।

[76] उच्चायुक्तको कार्यालय, *गैरनागरिकका अधिकारहरू, २००६,* www.ohchr.org/documents/publications/noncitizensen.pdf

[77] *फ्याक्ट शिट नं. २१, द ह्युमन राइट टु एडिक्वएट हाउजिङ,* www.un.org/ruleoflaw/files/FactSheet21en.pdf

# ५.३. मूख्य शब्दावलीहरूको परिभाषा :

आवासको अधिकारको क्षेत्रमा प्रयोग गरिएका शब्दावलीहरूको स्पष्ट र उपयुक्त परिभाषानै कानूनको समान प्रयोग र प्रभावकारी कार्यान्वयनको मूख्य कडी हो । आवासको अधिकारसम्बन्धी नयाँ कानुनमा "आवास", "आवासविहीन" जस्ता केही शब्दहरूको परिभाषा राखिएको भएपनि यो कानुनले "आवासविहीनता", "आवाससम्बन्धको सुरक्षा (security of housing tenure)" "आवासको मूल्यसुलभता", र "पर्याप्त आवास" जस्ता शब्दावलीहरूको परिभाषा गरेको छैन । दफा २ (क) मा "आवास" अन्तर्गत "आवासीय प्रयोजनको लागि निर्माण गरिएको भवन, घर, सोको अंश वा यस्तै स्थायी वा अस्थायी आंशिक वा पूर्ण संरचना" पर्दछ भने "आवासविहीन" भन्नाले "दफा ७ बमोजिम आवास सुविधा उपलब्ध गराइने व्यक्ति तथा परिवार" लाई बुझ्नुपर्ने हुन्छ । दफा ७ अनुसार देहायबमोजिमका व्यक्ति तथा परिवारलाई "आवास सुविधा" प्रदान गरिने व्यवस्था छ : "(क) नेपाल राज्यभित्र आफ्नो वा आफ्नो परिवारको स्वामित्वमा घर जग्गा नभएको र आफ्नो वा आफ्नो परिवारको आय आर्जन, स्रोत वा प्रयासबाट आवासको प्रबन्ध गर्न असमर्थ रहेको" र "(ख) प्राकृतिक विपत्तिका कारण स्थायी रूपमा विस्थापित भएको र खण्ड (क) बमोजिमको अवस्था विद्यमान भएको ।" ऐनभरी विभिन्न स्थानमा "आवासको सुविधा" भन्ने शब्दावली प्रयोग गरिएको भएपनि "आवास सुविधा"अन्तर्गत खासमा के के पर्छ भन्ने कुरामा स्पष्टता छैन ।

*सिइएससिआर*को सामान्य टिप्पणी नं. ४ ले पर्याप्त आवासको अधिकारसम्बन्धी केही मूख्य अवधारणाहरूको अन्तराष्ट्रिय रूपमा स्वीकार्य परिभाषा दिएको छ । *सिइएससिआर*ले व्याख्या गरेअनुसार "आवाससम्बन्धको सुरक्षा" भन्नाले जुनसुकै प्रकृतिको आवाससम्बन्ध भएपनि सोबाट जबर्जस्ती निष्कासन, उत्पीडन तथा अन्य त्रास वा धम्कीका विरुद्ध कानूनी संरक्षणको प्रत्याभूत गर्नु एक हदको आवाससम्बन्धको सुरक्षा भन्ने बुझिन्छ ।[78] "यदि आवाससँग गाँसिएको नीजि वा घरायसी खर्च अन्य आधारभूत आवश्यकता प्राप्ति र संतुष्टीमा कुनै सम्झौता गर्नु नपर्ने स्तरको छ भने उक्त आवासलाई मूल्यसुलभ" आवास मानिन्छ ।[79] उच्चायुक्तको कार्यालय र संयुक्त राष्ट्रसङ्घीय आवास कार्यक्रमले सङ्क्षेपमा प्रस्तुत गरे जस्तै, आवासको पर्याप्ततालाई[80] निम्न पाँच आयाममा बुझ्न सकिन्छ :

- *"वासयोग्यता:* पर्याप्त आवासले पर्याप्ता ठाउँका साथै चिसो, आर्द्रता, तातो, वर्षा, हुरी वा स्वास्थ्यसम्बन्धी अन्य त्रास, संरचनात्मक जोखिम र रोग संवाहकबाट संरक्षण जस्ता विषयलाई समेट्दछ",
- "*सेवा, सामग्री, सुविधा तथा पुर्वाधारको उपलब्धता* : कुनै पनि आवास सुरक्षित आवास हुनका लागि उक्त आवासमा बसोवास गरिरहेकाहरूले सुरक्षित पिउने पानी; पर्याप्त सरसफाइ; खाना पकाउन, न्यानो पार्न, बत्ति बाल्न, सरसफाइ गर्न र लुगा धुनका लागि आवश्यक इन्धन; खाद्यान्न भण्डारण गर्ने उपाय, फोहोर व्यवस्थापन गर्ने उपाय आदि सुविधा उपभोग गर्न पाउने अवस्था हुनु आवश्यक छ ।"

---

[78] उच्चायुक्तको कार्यालय, *द राइट टु एडिक्वएट हाउजिङ् टुलकिट,* www.ohchr.org/EN/Issues/Housing/toolkit/Pages/RighttoAdequateHousingToolkit.aspx

[79] *सिइएससिआर* सामान्य टिप्पणी नं. ४ । पर्याप्त आवासको अधिकार (धारा ११ (१)), अनुच्छेद ४, UN document E/1992/23, www.escr-net.org/resources/general-comment-4

[80] हेर्नुहोस्, *द राइट टु एडिक्वएट हाउजिङ् टुलकिट,* www.ohchr.org/EN/Issues/Housing/toolkit/Pages/RighttoAdequateHousingToolkit.aspx

- *"पहुँचता :* सुविधाहीन र सीमान्तकृत समूहहरू (गरिब, विभेदको सामना गरिरेहकाहरू, अपाङ्गता भएका व्यक्तिहरू, प्राकृतिक प्रकोपका पीडितहरू)को विशेष आवश्यकतालाई संबोधन नगरिएको अवस्थाको आवास पर्याप्त आवास हुन सक्दैन ।"
- *"अवस्थिति:* पर्याप्त आवासले रोजगारीका विकल्पहरू, स्वास्थ्य हेरचाह सेवा, स्कूल, शिशु-स्याहर केन्द्र तथा अन्य सामाजिक सुविधाहरूमाथि सहज पहुँच प्रदान गर्नुपर्दछ र यस्तो आवासलाई प्रदुषित क्षेत्र वा प्रदुषणको श्रोत नजिक निर्माण गरिनु हुँदैन ।"
- *"साँस्कृतिक पर्याप्तता :* पर्याप्त आवासले साँस्कृतिक पहिचानको अभिव्यक्ति तथा जीवनपद्धतिलाई ख्यालमा राखी सम्मान गनुपर्दछ ।"

यसका अतिरिक्त, आवासको अधिकारसम्बन्धी विशेष प्रतिवेदकले व्याख्या गरेअनुसार आवासविहीनता भन्नाले बस्ने घरको अभाव[81] मात्र हैन यसले निश्चित समूहलाई प्रणालीगत ढङ्गमा असर पार्ने विभेदको ढाँचालाई दर्शाउँदछ ।[82]

***सिफारिस :***

- *"आवासविहीतना", "आवासम्बन्धको सुरक्षा", "आवासको मूल्यसुलभता" र "आवासको पर्याप्तता" जस्ता मुख्य शब्दावलीहरूलाई अन्तर्राष्ट्रिय मानवअधकिार मापदण्डअनुरूप हुने गरी परिभाषा गर्ने ।*

## ५.४. आवासविहीनताको रोकथाम :

पर्याप्त आवासको अधिकारसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय विशेष प्रतिवेदकले व्यख्या गरे जस्तै आवासविहीनता पर्याप्त आवासको अधिकार तथा अविभेदको अधिकारको चरम उल्लङ्घन हो र यो अक्सर जीवनको अधिकार, वैयक्तिक सुरक्षा, स्वास्थ्यको अधिकार, घर र परिवारको संरक्षणको

---

[81]"घरको अभावअन्तर्गत भौतिक र सामाजिक दुवै प्रकृतिको फरक फरक अनुभव र वञ्चितिकरण समावेश हुन्छ । कतिपय अवस्थामा भौतिक आश्रयको अभाव प्राथमिक चासोको विषय हुन्छ भने अन्य सन्दर्भमा भूमिमाथि पहुँच नहुनु उत्तिकै महत्वपूर्ण हुनसक्छ । अव्यवस्थित स्थलमा बसोवास गर्ने कतिपयले आफूलाई आवासविहीनका रूपमा नभई स्तरोन्नती, सेवासुविधा र भएको घरको सुरक्षाका लागि सङ्घर्ष गरिरहेको भनेर परिचित गराउँदछन् भने यस्तो जोखिमपूर्ण अवस्थामा बसिरहेका अन्यका लागि अनौपचारिक तवरमा बहालमा बसिरहेकाहरूले क्षणभरको सूचनामा निस्कासनमा पर्नुपर्ने वा एकदमै अपुग आश्रयमा बसोवास गर्नुपर्ने अवस्था छ र यस्तो अनौपचारिक बसोवास पनि आवासविहीनताको एउटा रूप हो । भौतिक वञ्चितिकरण र सुरक्षा अभावसँगै सामाजिक सम्पर्कको अभाव जेलिएर रहेको हुन्छ - "आफू कतैपनि नरहेको" भावना । सडकमा जोडिएका बालबालिकाहरूका लागि आवासविहीनतालाई एउटा प्रतिस्थापित सामाजिक सम्पर्कहरूमाथिको निर्भरताका रूपमा अनुभव गरिएको हुनसक्छ जसलाई उनीहरूले सडकमा जिउनका लागि स्थापित गरेका हुन्छन् ।" हेर्नुहोस् पर्याप्त आवासको अधिकारसम्बन्धी विशेष प्रतिवेदक लिलानी फराको प्रतिवेदन *आवासविहीनता र मानवअधिकार : सारसङ्क्षेप,* UN Doc no A/HRC/31/54, www.ohchr.org/Documents/Issues/Housing/HomelessSummary_en.pdf

[82] "आवासविहीनता विभेदको प्रणालीगत स्वरुपसँग प्रत्येक्ष रूपमा सम्बन्धित हुन्छ र यसले महिला, युवा, बालबालिका, आदिवासी जनजाति, अपाङ्गता भएका व्यक्तिहरू, आप्रवासी र शरणार्थी, श्रमजीवी गरिब, यौनिक अल्पसङ्ख्यकहरू (*लेज्बिएन, गे, बाइसेक्स्युल र ट्रान्जजेन्डर*) लगायतका निश्चित समूलाई फरक फरक तरिकाले असमानुपातिक ढङ्गमा तर एउटै साझा संरचनागत कारणसहित असर पार्दछ ।" यो प्रतिवेदनले आवासविहीन मानिसलाई विभेद, कलङ्क, अपराधिकरण र आरोपित चरित्रसहितको सामाजिक बहिष्करण भोगिरहेका सामाजिक समूहका रूपमा पनि पहिचान गर्दछ । घरविहीन मानिसलाई आवाजविहीन र अदृष्य तुल्याइको हुन्छ र उनीहरू सामान्य दृष्यभन्दा टाढा शहरको किनारातिर धकेलिएका हुन्छन् । उनीहरूको मानवता र मर्यादालाई कानून र सार्वजनिक नीति निर्माणमा विरलै ध्यानमा लिइन्छ । ऐ, पृ. २ ।

अधिकार, तथा क्रुर र अमानवीय व्यवहारविरुद्धको अधिकारको पनि उल्लङ्घन हो ।[83] यो सबैभन्दा जोखिममा रहेका जनसङ्ख्याको मानवअधिकारको संरक्षण र सुनिश्चित गर्न राज्य विफल भएको एउटा प्रमाण हो ।[84] विशेष प्रतिवेदकका अनुसार आवासविहीनताले "महिला, युवा, बालबालिका, आदिवासी जनजाति, अपाङ्गता भएका व्यक्तिहरू, आप्रवासी र शरणार्थी, श्रमजीवी विपन्न, यौनिक अल्पसङ्ख्यकहरू (*लेज्बिएन, गे, बाइसेक्स्युल र ट्रान्जजेन्डर*) लगायतका निश्चित समूहलाई असमानुपातिक ढङ्गमा असर पार्दछ ।"[85] विशेष प्रतिवेदकले आवासहीन मानिसहरूको दुरावस्थालाई यसरी थप व्याख्या गरेका छन् :

> "व्यवस्थित ढङ्गमा अधिकार उल्लङ्घनको मारमा परेर अधिकार पाउनु पर्ने व्यक्तिका रूपमा हेरिनुका साँटो आवासविहीन मानिस सामजिक रूपमा कलङ्कित समूह हुन पुगेका छन् जो अपराधिकरण, विभेद र सामाजिक बहिष्करणको विषय बन्ने गर्दछन् । आवासविहीन हुनु भनेको हिंसाको कार्य, छोट्याइएको जीवन र खराब स्वास्थ्यको अनुभव गर्नु तथा बाँच्ने रणनीतिका लागि सार्वजनिक स्थलमा खाँदा वा सुत्दा अपराधिकरणमा पर्नु हो । आवासविहीन मानिसलाई आवाजविहीन र अदृष्य तुल्याइएको हुन्छ र उनीहरू सामान्य दृष्यभन्दा टाढा शहरको किनारातिर धकेलिएका हुन्छन् । उनीहरूको मानवता र मर्‍यादालाई कानून र सार्वजनिक नीति निर्माणमा विरलै ध्यानमा लिइन्छ ।"[86]

आवासविहीनताको रोकथाम र आवासविहीन मानिसको संरक्षण पर्याप्त आवासको अधिकारको एउटा न्यूनतम मूख्य विषय हो जसलाई राज्यले तत्कालै पुरा गर्नु पर्दछ ।[87] *आइसिइएससिआर*को पक्ष राष्ट्रका नाताले आवासविहीनताको रोकथामका लागि तत्काल कदम चाल्न नेपाल अन्तर्राष्ट्रिय मानवअधिकार कानुनद्वारा अनुबन्धित छ । यो नेपालले प्रतिबद्धता जनाएको दीर्घकालीन विकास लक्ष्य (एसडिजि) अन्तर्गतको एउटा लक्ष्य पनि हो ।[88]

आवश्यकतामा रहेका व्यक्ति र परिवारलाई आवासको सुविधा उपलब्ध गराउनु महत्त्वपूर्ण छ । तर यो ऐनले आवासविहीनतालाई रोक्नका लागि निश्चित दायित्व सिर्जना गर्दैन । आयआर्जन, धन र जमीन तथा सम्पत्तिमाथिको बढ्दो असमानता जस्ता आवासविहीनताको अन्तर्निहित कारणहरूलाई संबोधन गरेर यसलाई रोकथाम गर्न सकिन्छ ।[89]

---

83 पर्याप्त जीवन स्तरको अधिकार तथा यस सन्दर्भमा विभेदविरुद्धको अधिकारको अवयवका रूपमा पर्याप्त आवासको अधिकारसम्बन्धी विशेष प्रतिवेदकको प्रतिवेदन, ३० डिसेम्बर २०१५, अनुच्छेद ४, UN doc A/HRC/31/54, अनुच्छेद ४, https://documents-dds-ny.un.org/doc/UNDOC/GEN/G15/294/52/PDF/G1529452.pdf?OpenElement

84 ऐ, अनुच्छेद ८० ।

85 ऐ, अनुच्छेद ८७ ।

86 ऐ, अनुच्छेद ८८ ।

87 *सिइएससिआर* सामान्य टिप्पणी नं. ३ : पक्ष राष्ट्रहरूको दायित्त्वको प्रकृति, (धारा २ (१)), अनुच्छेद, १०, युएन दस्तावेज, E/1991/23.

88 लक्ष्य नं ११ ले "शहर र मानव बसोवासलाई समावेशी, सुरक्षित, उत्थानशील र दीगो बनाउने" लक्ष्य राखेको छ । यो लक्ष्यमा निर्धारण गरिएको एउटा गन्तव्य "सबैका लागि पर्याप्त, सुरक्षित र मूल्यसुलभ आवास तथा आधारभूत सेवामा पहुँच सुनिश्चित गर्ते र सन् २०३० सम्ममा सुकुम्वासी वस्तीहरूको स्तरोन्नति गर्ने" रहेको छ । नेपालको ७ प्रतिशत शहरी जनसङ्ख्या सुकुम्वासी बस्तीमा बसोवास गर्दछन् र जम्मा ३० प्रतिशत घरहरूमात्र बसोवासका लागि सुरक्षित छन् । सन् २०३० का लागि नेपालको एउटा प्रस्तावित लक्ष्यहरूमा "सुरक्षित घरहरूमा बसोवास गर्ने गर्ने घरधुरीको दोब्बर पार्ने" रहेको छ । हेर्नुहोस्, *नेपाल सरकार, दीर्घकालीन विकास लक्ष्य (२०१६-२०३०)सम्बन्धी राष्ट्रिय (प्रारम्भिक) प्रतिवेदन,* पृ.ix, www.undp.org/content/dam/nepal/docs/reports/SDG%20final%20report-nepal.pdf

89 विशेष प्रतिवेदकले व्याख्या गरेअनुसार, संरचनात्मक कारणहरूमा निम्न पर्दछन् : (क) सबै तहको सरकाद्वारा

देशमा विद्यमान आवासविहीनताको आवधिक मूल्याङ्कन, आवासविहीन मानिसको पहिचान, व्यक्ति, परिवार वा समूहको आवासविहीनताको अवस्थालाई संबोधन गर्नका लागि तत्काल चालिनुपर्ने उपाय तथा आवश्यक संयन्त्रको बारेमा ऐनमा व्यवस्था गरिएको हुनुपर्दथ्यो ।

विशेष प्रतिवेदकले अन्तर्राष्ट्रिय मानवअधिकार मापदण्ड र दीर्घकालीन विकास लक्ष्यलाई ध्यानमा राख्दै "आवासविहीन मानिसलाई सबै घरायसी कानूनी संरचनामा संरक्षित समूहका रूपमा मान्यता दिन"[90] तथा "सन् २०३० सम्म वा सो अघि नै मानवअधिकार र दिगो विकास लक्षको[91] लक्ष ११.१ को सम्मान र पालना हुने हिसाबमा आवासविहीनतालाई उन्मूलन गर्न प्रतिबद्धता जनाउन" समेत सिफारिस गरेका छन् । विशेष प्रतिवेदकले स्पष्ट पारेअनुसार अन्तर्राष्ट्रिय मानवअधिकार कानूनअन्तर्गत स्थापित राज्यका तात्कालिक दायित्वहरू निम्नानुसार रहेका छन् : "क) आवासविहीनतालाई उन्मूलन गर्नका लागि स्पष्ट लक्ष, गन्तव्य र समयसीमासहितको रणनीतिको अवलम्वन र कार्यान्वयन; ख) आवासविहीनतातर्फ लान सक्ने प्रकृतिको जबर्जस्ती निष्कासनको अभ्यासलाई रोक्ने; ग) कानूनमा आवासविहीन मानिसविरुद्ध हुने विभेद, लाञ्छना र नकारात्मक नजरियालाई निषेध गर्ने; घ) अधिकार उल्लङ्घन लगायत आवासविहीनता उन्मूलनमा सरकारद्वारा सकारात्मक उपाय लिनमा भएको विफलतामा कानूनी उपचार सुनिश्चित गर्ने; र ङ) तेश्रो पक्षलाई उनीहरूको कामकारबाही आवासविहीनता उन्मूलनको लक्ष्यसँग एकरुप हुनेगरी तथा आवासविहीनलाई प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा कुनै विभेद नहुने ढङ्गमा नियमन गर्ने ।"[92]

***सिफारिस:***

- *आवासविहीनताको समस्या संबोधनको लागि माथि उल्लिखित दायित्वहरू समावेश गर्ने गरी ऐन संशोधन गर्ने ।*
- *आवासविहीनताको अवस्था लेखाजोखा गर्ने, आवासविहीनहरूको सवालमा जानकारी हाँसिल गर्ने तथा आवासविहीनताको अवस्थालाई संबोधन गर्ने जिम्मेवारी सहितको संयन्त्र गठन गर्ने प्रावधान थप्ने ।*
- *आवाससम्बन्धी आवश्यकतालाई संबोधन गर्न तथा मऱ्यादित जीवन जिउने अधिकारलाई सुनिश्चित गर्नका लागि राज्यले तत्कालिक रूपमा उपलब्ध गराउनुपर्ने सुविधाहरू निर्धारण गर्ने ।*
- *आ-आफ्नो क्षेत्राधिकारभित्र आवासविहीनताका अन्तर्निहित कारणहरू आङ्कलन गर्न, यस्ता कारणलाई संबोधन गर्ने उपायहरू अपनाउन र आवासविहीनताको समस्यालाई उन्मूलन गर्नका लागि तीनै तहका सरकारका लागि कानुनी दायित्वहरू सृजना गर्ने ।*

---

सामाजिक संरक्षण र सामाजिक आवास कार्यक्रमबाट पछि हट्नु र सेवा, पुर्वाधार, आवास तथा सार्वजनिक स्थल लगायतलाई निजीकरण गरिनु (ख) भूमि र आवासको सामाजिको कामलाई त्याग गरिनु (ग) आय आर्जन, धन र जमीन तथा सम्पत्तिको पहुँचमा बढ्दो असमानतालाई संबोधन गर्न विफलता (घ) विनियमन र रियल स्टेटसम्बन्धी आङ्कलनलाई सहयोग गर्ने तथा मूल्यसुलभ आवासका विकल्पहरूको विकासलाई रोक्ने खालका वित्तिय र विकास नीतिहरूको अवलम्वन र (ङ) शहरीकरणको परिप्रेक्ष्यमा अव्यवस्थित आवासमा जोखिमपूर्ण रूपमा बसोवास गरिरहेका, अस्थायी र अत्यधिक भिडभाडयुक्त संरचनामा बसिरहेका, पानी, सरसफाइ र अन्य आधारभूत सुविधाहरूबाट विमुख तथा निष्कासनको निरन्तर त्रासमा बसिरहेकाहरूको सीमान्तीकरण र दुर्व्यवहार । हेर्नुहोस्, *पर्याप्त जीवन स्तरको अधिकार तथा यस सन्दर्भमा विभेदविरुद्धको अधिकारको अवयवका रूपमा पर्याप्त आवासको अधिकारसम्बन्धी विशेष प्रतिवेदकको प्रतिवेदन,* ३० डिसेम्बर २०१५, अनुच्छेद, ८७, https://documents-dds-ny.un.org/doc/UNDOC/GEN/G15/294/52/PDF/G1529452.pdf?OpenElement

90 ऐ. Para 91(f).

91 ऐ. Para 91(a).

92 ऐ. अनुच्छेद ९० ।

## ५.५. तीन तहका सरकारको जिम्मेवारीमा स्पष्टता :

खाद्य अधिकार तथा खाद्य संप्रभुता ऐन, २०७५[93] जस्तै आवासको अधिकारसम्बन्धी ऐनले पनि तीनै तहका सरकारको भूमिका र जिम्मेवारीलाई स्पष्ट रूपमा उल्लेख गर्न सकेको छैन। ऐनले (जस्तै दफा ३, ६, ७, १० र १४) सबै तहका सरकार (स्थानीय, प्रदेश र केन्द्र) लाई "आवासको सुविधा" उपलब्ध गराउने लगायत विषयमा थुप्रै उपायहरू अवलम्बन गर्न जिम्मेवारी दिएको छ। मार्गनिर्देशक सिद्धान्तका रूपमा तीन तहका सरकारबीचको आपसी समन्वय अति महत्त्वपूर्ण हुन्छ।[94]

तर आवासविहीनता र असुरक्षित आवासको समस्यालाई संबोधन गर्ने दायित्वलाई संबोधन गर्ने सवालमा तीनै तहका सरकारका लागि स्पष्ट रूपमा परिभाषित जिम्मेवारी तोकिएको हुनपर्दछ। आवासको अधिकारसम्बन्धी विशेष प्रतिवेदकले पनि सिफारिस गरेका छन्की "सबै तहका सरकारको जिम्मेवारीहरू स्पष्ट रूपमा अलग्याइएको तथा क्षेत्राधिकारसम्बन्धी दोहोरोपनका कारण आवास र अन्य सेवाको आवश्यकतामा रहेकाको लागि उक्त सेवामाथिको पहुँच इन्कार नगरिने सुनिश्चितताका लागि जारी स्वतन्त्र पुनरावलोकन र समीक्षालाई पनि संयुक्त रूपमा समन्वय गरिएको हुनुपर्छ। समन्वयात्मक सरकारी प्रतिजवाफ सुनिश्चित गर्ने उद्देश्यका साथ आवश्यकतामा रहेकाहरूको लागि सहायता प्रदान गर्नु पर्दछ।"[95]

ऐनको सारभूत पक्षलाई व्याख्या नै नगरी सरकारको कार्यकारी निकायलाई व्यापक रूपमा शक्ति प्रत्यायोजन गरिएको पक्ष पनि एउटा ध्यान दिनुपर्ने कुरा रहेको छ। ऐनका थुप्रै दफाहरू (जस्तै दफा ७, ८ र १३) मा "तोकिएबमोजिम [जुन पछि नियमावलीमा व्यवस्था गरिने]" भन्ने प्रावधान राखिएको छ र सारभूत प्रावधानहरूलाई सरकारको तजबिजीमा छाडिएको छ।

***सिफारिस :***

- *सबैले आवासको अधिकारलाई उपभोग गर्नका लागि उपयुक्त वातावरण बनाउनका लागि सरकारका तीनै तहहरूको भूमिका र जिम्मेवारी स्पष्ट पार्नका लागि कानून संशोधन गरिनुपर्छ।*
- *कार्यकारी तजबिजीको सीमा (मार्जिन)लाई घटाई मानिसले सारभूत अधिकार दावि गर्ने कुराको कानूनी निश्चिततालाई व्यवस्थापन गर्ने गरी कानूनमा संशोधन गर्ने।*
- *"आवास सुविधा" ले यो ऐनअन्तर्गत कस्तो खाले सुविधालाई समावेश गर्न खोजेको हो भन्ने स्पष्टतासहितको प्रष्ट प्रावधान राख्ने।*

## ५.६. आवासको अधिकारअन्तर्गतका हकहरू :

संविधान र नेपालको हकमा लागू हुने अन्तर्राष्ट्रिय मानवअधिकार मापदण्डका अधिनमा रही

93 एम्नेस्टी इन्टरनेसनल, *नेपाल : नेपालमा खाद्य अधिकार : खाद्य अधिकार तथा खाद्य संप्रभुता ऐन २०७५ को विश्लेषण,* पृ. १७, www.amnesty.org/download/Documents/ASA3101302019ENGLISH.pdf

94 नेपालको संविधान, धारा ५६।

95 हेर्नुहोस्, पर्याप्त जीवन स्तरको अधिकार तथा यस सन्दर्भमा विभेदविरुद्धको अधिकारको अवयवका रूपमा पर्याप्त आवासको अधिकारसम्बन्धी प्रतिवेदन, U.N. Doc. A/HRC/28/62 (Dec. 22, 2014) (by Leilani Farha). यहाँ उपलब्ध छ : https://www.ohchr.org/EN/HRBodies/HRC/RegularSessions/Session28/Documents/A_HRC_28_62_ENG.doc

आवासको अधिकारसम्बन्धी ऐनमा कानूनद्वारा संरक्षित हकहरू तथा ती हकरूबाट निश्रृत सरकारको दायित्वहरूको सूची समाहित गर्नु महत्त्वपूर्ण हुन्छ । *सिइएससिआर*ले निर्दिष्ट गरेबमोजिम आवासको अधिकारको सातवटा मुख्य अन्तर्वस्तुहरूमा "आवाससम्बन्धको सुरक्षा", "सेवा, सामग्री, सुविधा र पुर्वाधारको उपलब्धता", "मूल्यसुलभता", "पुहुँचता", "बासयोग्गयता", "अवस्थिति" र "साँस्कृतिक पर्याप्तता" पर्दछन् ।[96] कुनै पनि व्यक्ति वा समूहले वास्तवमा के कस्ता कुराहरू दावि गर्न मिल्छ भन्ने कुराको स्पष्टता हुनु मानवअधिकार प्राप्तिको एउटा प्रमुख आधार हो । यो ऐनको दफा ३ मा व्यवस्था गरिएअनुसार प्रत्येक नागरिकको निम्नानुसारका हकहरू हुनेछन् : क) प्रचलित कानूनले निर्धारण गरेको मापदण्डको अधिनमा रही आवास बनाउने, सो आवासमा बसोबास गर्ने र त्यसको प्रयोग गर्ने, ख) आवासको अभावमा जीवन जोखिममा रहने खतरबाट सुरक्षित रहने; ग) आवासस्थलको छनौट गर्ने तथा बसाइसराई गरी उपयुक्त स्थानमा आवासको व्यवस्था गर्ने स्वतन्त्रता; घ) आवासस्थलमा आफ्नो धार्मिक, सामाजिक तथा साँस्कृतिक पहिचानको संरक्षण; ङ) आवास पुर्वाधार निर्माण र संरक्षण गर्ने तथा खुला ठाउँको संरक्षण गर्ने । आवासको सन्दर्भमा अविभेदलाइ पनि प्रत्याभूत गरिएको छ । यी अधिकारलाई सम्मान, संरक्षण र परिपूर्ति गर्ने सबै तहका सरकारको दायित्वका सवालमा एउटा सामान्य मार्गदर्शन पनि रहेको छ ।

"आवासको अभावमा जीवन जोखिममा पर्ने अवस्थाबाट सुरक्षित रहने"[97] प्रावधान बाहेक यो दफाले आवासको सवालमा केवल स्वतन्त्रता मात्र प्रदान गरेको छ । त्यसकारण यो दफा अन्तराष्ट्रिय मानवअधिकार कानूनअन्तर्गत पहिचान गरिएका आवासको अधिकारसम्बन्धी[98] तत्त्वहरूलाई मान्यता दिनमा विफल भएको छ । अन्तर्राष्ट्रिय दायित्वलाई मध्यनजर गर्दै निम्नलिखित हकहरूलाई प्रत्याभूत गर्न ध्यान दिएको हुनुपर्थ्यो :

- प्रत्येक व्यक्तिको मूल्यसुलभ र पर्याप्त आवास प्राप्त गर्ने हक हुनेछ ।
- कसैलाई पनि जबर्जस्ती निष्कासन गरिनेछैन ।
- हरेक व्यक्तिलाई आफ्नो आवाससम्बन्धको कानूनी सुरक्षा प्राप्त गर्ने हक हुनेछ ।
- पर्याप्त आवासको अधिकारमा उल्लङ्घन भएको अवस्थामा क्षतिपूर्ति र परिपूरण प्राप्त गर्ने अधिकार ।
- जीवननिर्वाह गर्ने प्रयत्नहरू गर्नबाट स्वेच्छाचारी वञ्चितिकरणका विरुद्ध प्रत्येक व्यक्तिलाई संरक्षण प्रदान गरिनेछ ।
- आफ्ना लागि आधारभूत आश्रयको व्यवस्था गर्न नसक्ने आवासविहीन व्यक्ति र परिवारलाई तत्काल सङ्कटकालीन वा अस्थायी आवास सुविधामा रहने अधिकार हुनेछ ।

***सिफारिसः***

- *संवैधानिक र अन्तर्राष्ट्रिय मानवअधिकार कानूनअन्तर्गतका जिम्मेवारीसमेतलाई मध्यनजर गर्दै आवासको अधिकारसम्बन्धी माथि उल्लिखित हक प्रत्याभूत गर्नका लागि कानूनलाई संशोधन गर्ने ।*
- *तीनै तहका सरकारले कानूनअनुसार आ-आफ्नो नीति तथा कार्यक्रमलाई एकरूपता दिनुपर्ने व्यवस्था राख्ने ।*

---

[96] *सिइएससिआर,* सामान्य टिप्पणी नं. ४, पर्याप्त आवासको अधिकार (छैटौं सत्र, १९९१), युएन दस्तावेज E/1992/23, अनुच्छेद ८ ।

[97] दफा २ (ख) ।

[98] अन्तर्राष्ट्रिय मानवअधिकार कानूनअन्तर्गतका दायित्वबारेको विस्तृत छलफल माथि भाग ३ मा हेर्नुहोस् ।

## ५.७. जबर्जस्ती निष्कासनबाट संरक्षण :

अन्तर्राष्ट्रिय मानवअधिकार कानूनले सबैलाई जबर्जस्ती निष्कासनका विरुद्ध संरक्षण प्रदान गरेको छ । आफ्नो सामान्य टिप्पणी नं. ७ मा *सिइएससिआर*ले भनेको छ की "प्रभावकारी संरक्षणको प्रणाली स्थापना गर्नका लागि जबर्जस्ती निष्कासनविरुद्धको कानून नभै नहुने आधार हो ।" *सिइएससिआर*का अनुसार, यस्तो कानूनले यस्ता उपायहरू समाविष्ट गरेको हुनुपर्छ जसले क) घर तथा जमीनमा बसिरहेकालाई आवाससम्बन्धको सबैभन्दा बढी सुरक्षा प्रदान गर्नुपर्दछ ख) अनुबन्धका प्रावधानसँग मेल खाएको हुनुपर्दछ र ग) जबर्जस्ती निष्कासन गर्न मिल्ने परिस्थितिहरूलाई कडा नियन्त्रण गर्ने उद्देश्यले तर्जुमा गरिएको हुनुपर्दछ । यो कानून राज्यको अनुमतिमा काम गर्ने सबै पात्र वा यस कानूनप्रति जवाफदेही हुनुपर्ने अन्य सबैका लागि पनि लागू हुन्छ ।[99]

दफा ५ मा "सार्वजनिक प्रयोजनका लागि प्रचलित कानूनबमोजिम कुनै नागरिकलाई निजको आवास बाट हटाउन सकिनेछ" भनिएको छ । यसले सरकारलाई सार्वजनिक प्रयोजनका नाममा जबर्जस्ती निष्कासन गराउन अख्तियारी दिएको छ । यो व्यक्तिको सम्पत्तिको अधिकारमाथि स्वेच्छाचारी अतिक्रमण गर्न नपाइने संवैधानिक[100] प्रत्याभूतिको बर्खिलाप रहेको छ : "सार्वजनिक हितका लागि बाहेक राज्यले कुनै व्यक्तिको सम्पत्ति अधिग्रहण गर्ने, प्राप्त गर्ने वा त्यस्तो सम्पत्ति उपर अरु कुनै प्रकारले कुनै अधिकारको सिर्जना गर्ने छैन" । ऐनको दफा ५ अन्तर्गतको व्यवस्थाले जबर्जस्ती निष्कासनलाई अपवाद भन्दा पनि नियममा रूपान्तरण गर्ने खतरा रहेको छ ।

दफा ५(२) अन्तर्गतको जबर्जस्ती निष्कासनविरुद्धको संरक्षण बढी स्वामित्त्वमा आधारित छ । "आफ्नो स्वामित्त्वमा रहेको जमीन"मा बनाइएको संरचनाबाट निष्कासन गर्दा मात्र यस्तो जबर्जस्ती निष्कासन विरुद्धको "क्षतिपूर्तिको अधिकार" वा "पुनर्वास सुविधा" प्राप्त गर्ने अधिकार उपलब्ध हुन्छ । यसले सार्वजनिक जग्गामा बसोवास गरिरहेका, झुपड बस्तीमा बसिरहेका वा अनौपचारिक हिसाबमा बसोवास गरिरहेकाहरूलाई कानूनी संरक्षणको दायराबाट स्पष्ट रूपमा बाहिर राखेको छ । यो व्यवस्थाको कायान्वयनले भूमिमाथिको पहुँचमा पहिलेदेखिनै सीमान्तीकरणमा परेका दलित, गरीबीमा रहेका मानिस, आदिवासी जनजाति तथा अन्य सुविधाहीन समूहमाथि असमानुपातिक असर पार्दछ ।

यस ऐनअन्तर्गत जबर्जस्ती निष्कासन गर्नका लागि पुरा गर्नुपर्ने सर्तहरू पनि अपर्याप्त छन् । विकासमा आधारित निष्कासन र विस्थापनसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय आधारभूत सिद्धान्त तथा मार्गनिर्देशनले तोकेअनुसार "जुनसुकै निष्कासन पनि (क) कानुनद्वारा अख्तियारप्राप्त हुनुपर्छ; (ख) अन्तराष्ट्रिय मानवअधिकार कानुनबमोजिम गरिनुपर्दछ; (ग) साझा भलाइको उद्देश्यले प्रेरित भएर मात्र गरिएको हुनुपर्छ; (घ) विवेकसम्मत र समानुपातिक हुनुपर्छ; (ङ) पूर्ण र न्यायोचित क्षतिपूर्ति र

---

[99] *सिइएससिआर,* सामान्य टिप्पणी नं. ७, पर्याप्त आवासको अधिकार (धारा ११.१) : जबर्जस्ती निष्कासन, २०/०५/९७, अनुच्छेद ९ । यो पनि हेर्नुहोस्, एम्नेस्टी इन्टरनेसनल, *एन्डिङ्ग फोर्सड इभिक्सनज् इन ल एण्ड प्राक्टिस : अ थिम्याटिक सब्मिसन टु दी युनाइटेड न्यासनस् कमिटि अन इकोनोमिक, सोसल एण्ड कल्चरल राइट्स ( कानून र व्यवहारमा जबर्जस्ती निष्कासन अन्त्य गर्ने : संयुक्त राष्ट्रसङ्घीय आर्थिक, सामाथिक तथा सांस्कृतिक अधिकार समितिमा बुझाइएको विषयगत प्रतिवेदन),*
www.amnesty.org/download/Documents/8000/act350062013en.pdf

[100] संविधानको धारा २५ (२) ले "सार्वजनिक हितका लागि बाहेक राज्यले कुनै व्यक्तिको सम्पत्ति अधिग्रहण गर्ने, प्राप्त गर्ने वा त्यस्तो सम्पत्ति उपर अरु कुनै प्रकारले कुनै अधिकारको सिर्जना गर्ने छैन । तर कुनै पनि व्यक्तिले गैर कानूनी रूपले आर्जन गरेको सम्पत्तिको हकमा यो उपधारा लागू हुने छैन ।" भनी प्रत्याभूत गरेको छ ।

पुनर्स्थापनाको सुनिश्चित हुने गरी नियमन गरेको हुनपर्छ; र (च) यो मार्गनिर्देशनबमोजिम गरिएको हुनपर्छ ।"[101]

दफा ५(४) ले निम्न प्रकृयालाई अपनाएर मात्र कुनै निष्कासन गर्नुपर्ने व्यवस्था गरेको छ : नागरिकसँग पूर्व परामर्श गरेको, पूर्व सूचना संप्रेषण गरिएको, आवासबाट हटाइने व्यक्ति वा परिवारको उपयुक्त पहिचान अग्रीम रूपमा भएको, हटाउने समय र स्थानमा अधिकार प्राप्त अधिकारी वा निजको प्रतिनिधि उपस्थित भएको, राती वा अन्य त्यस्तै अनुपयुक्त समयमा हटाउन नमिल्ने तथा ज्येष्ठ नागरिक, बिरामी, अपाङ्गता भएका व्यक्ति, बालबालिका, असहाय, अशक्त, गर्भवतीलाई हटाउने क्रममा उचित ध्यान दिएको हुनपर्ने । प्रमाणीकरण, निष्कासनसम्बन्धी निर्णयका विरुद्ध उजुरी गर्न उपचारात्मक निकायमा पहुँच, बसोवास गरिरहेको सार्वजनिक जमीन खरिद गर्ने छनोटको उलब्धता र वैकल्पिक व्यवस्था तथा क्षतिपूर्ति जस्ता थुप्रै प्रकृयागत प्रत्याभूतिका बारेमा कुनै उल्लेख गरिएको छैन । आदिवासी जनजातिको जबर्जस्ती निष्कासनका सवालमा आइएलओ १६९ अन्तर्गतको "स्वतन्त्र, पूर्व र सूसूचित सहमति"को मापदण्डको पालनाका सम्बन्धमा पनि कुनै स्पष्ट व्यवस्था गरिएको छैन ।[102] यसका अतिरिक्त, मानिसलाई निष्कासन गर्नु ठिक अघि क्षतिपूर्ति दिने व्यवस्था पनि उचित छैन । निष्कासनअघि क्षतिपूर्ति दिने तथा उनीहरूलाई वैकल्पिक वासस्थानको व्यवस्था गर्न पर्याप्त समय प्रदान गर्ने गरी स्पष्ट व्यवस्था कानुनमा राखिएको हुनुपर्दथ्यो ।

***सिफारिस :***

- *निष्कासनसम्बन्धी व्यवस्थामा प्रकृयागत बचाउ वा रक्षासम्बन्धी प्रावधानहरू (जस्तै अतिक्रमणको जाँच, सूचना जारी गर्ने कार्यविधि, प्रभावित समुदायसँग परामर्श गर्ने कार्यविधि, निष्कासनसम्बन्धी निर्णयका विरुद्ध उजुरी सुन्ने निकायमा पहुँच प्राप्त गर्नेसम्बन्धी कार्यविधि, र गलत कामका विरुद्ध क्षतिपूर्तिको प्रावधान) राखिएको सुनिश्चित गर्दै ऐन संशोधन गर्ने ।*
- *आवाससम्बन्धको स्वरुप जस्तोसुकै रहेको भएपनि जबर्जस्ती निष्कासनविरुद्धको संरक्षणलाई सुनिश्चित गर्ने गरी ऐनलाई संशोधन गर्ने ।*
- *आदिवासी जनजातिको जबर्जस्ती निष्कासनका सम्बन्धमा आएलओ १६९ अनुरुप हुनेगरी "स्वतन्त्र, पूर्व र सूसूचित सहमति"को प्रावधानलाई ऐनमा राख्ने ।*
- *जबर्जस्ती निष्कासनविरुद्धको बचाउलाई अन्तर्राष्ट्रिय मानवअधिकार मापदण्डबमोजिम हुनेगरी ऐन संशोधन गरी जबर्जस्ती निष्कासनका कारण कोही पनि आवासविहीन नभएको अवस्था*

---

[101] युएन दस्तावेज A/HRC/4/18, दफा २१ ।

[102] धारा १६.१. यस धारामा तल उल्लिखित अनुच्छेदहरूको अधिनमा रही, सम्बन्धित मानिसहरूलाई उनीहरूले बसोवास गरेको ठाउँबाट हटाइने छैन । २.यी अपवादजन्य उपायअन्तर्गत यदी यी मानिसहरूको स्थानान्तरण आवश्यक ठानिएमा यस्तो स्थानान्तरण उनीहरूको स्वतन्त्र र सूसूचित सहमतिबाट मात्र गरिनु पर्दछ । जहाँ उनीहरूको सहमति प्राप्त हुँदैन त्यस्तो अवस्थामा आवश्यकताअनुसार प्रभावित समुदायका प्रतिनिधिहरूलाई प्रभावकारी रूपमा सहभागी गराइएको सार्वजनिक सोधपुछ लगायत राष्ट्रिय कानून र नियमावलीहरूमा व्यवस्था गरिएका उपयुक्त कार्यविधिहरूको अनुसरण गरेर मात्र यस्तो स्थानान्तरण गरिनेछ । ३. स्थानान्तरणको आधार र कारण सकिनासाथ यी मानिसहरूको आफ्नो परम्परागत जमीनमा फर्कने अधिकार रहनेछ । ४. सहमतिअनुसार यसरी फर्कन सम्भव नभएमा वा यस्तो कुनै सहमति नभएको अवस्थामा यस्ता मानिसलाई उपयुक्त प्रकृया अपनाएर सम्भव भएसम्म कम्तिमा पनि उनीहरूले पहिले भोगचलन गर्दै आए बराबरको गुणस्तरीय र कानूनी हैसियतसहितको वर्तमान आवश्यकता र भावी विकास र प्रगतिलाई सुहाउँदो हुने जमीन प्रदान गर्नुपर्दछ । नगद वा जिन्सीमा क्षतिपूर्ति लिन चाहनेहरूको हकमा उपयुक्त कानूनी प्रत्याभूतिको अधिनमा रहेर उनीहरूलार्य क्षतिपूर्ति दिनुपर्दछ । ५. यसरी स्थानान्तरण गरिएका व्यक्तिहरूलाई स्थानान्तरणका क्रममा हुने कुनै पनि क्षति र नोक्सानीको पूर्ण क्षतिपूर्ति गर्नपर्दछ ।

*सुनिश्चित गर्ने ।*

- *सबै व्यक्ति, समूह तथा समुदायको पुनर्वासको अधिकारलाई प्रत्याभूत गर्ने प्रावधान राख्ने जसमा पहिलेको आवासको भन्दा राम्रो वा कम्तीमा उही गुणस्तरको आवासको विकल्प समेत समावेश हुनपर्छ र यसले पर्याप्त आवासका सबै सात अन्तर्वस्तुहरूलाई पुरा गरेको हुनुपर्छ ।*

## ५.८. आवासको सुविधा र पुनर्वास :

ऐनको दफा ७ ले नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकारलाई आवासविहीन व्यक्ति तथा परिवारलाई प्राथमिकताको आधारमा आवासको सुविधा प्रदान गर्ने जिम्मेवारी प्रदान गरेको छ ।[103] यो दफाअन्तर्गत निर्धारण गरिएको दायित्व सामान्य प्रकृतिको छ । आवासको अधिकारसम्बन्धी सरकारको दायित्वलाई श्रोतको उपलब्धता र प्रगतिशील रूपमा प्राप्त हुने शर्तमा आधारीत बनाइएकोले चरम गरीबी र अभावमा रहेकाहरूलाई तत्काल आवास उपलब्ध गराउनुपर्ने उसको न्यूनतम मूल दायित्व छुट्न पुगेको छ ।

दफा १३ ले सबै तहका सरकारलाई प्राकृतिक विपतका कारण विस्थापित व्यक्ति तथा परिवारलाई “अस्थायी आवास वा आर्थिक सहायता” प्रदान गर्ने जिम्मेवारी तोकेको छ । यो जिम्मेवारी उनीहरूले आपसी समन्वयमा गर्नुपर्ने भनिएको छ । ऐनले अस्थायी आवासमा बसिरहेकाहरूलाई अवस्थाको सामन्यीकरण पश्चात सोही स्थानमा पुनर्वास गराइने व्यवस्था राखेको छ । प्रभावित क्षेत्रमा पूर्ण सुरक्षालाई सुनिश्चित गर्ने उपायहरू अपनाउनका लागि यस ऐनले अधिकारीहरूलाई कुनै जिम्मेवारी दिएको छैन ।[104]

ऐनमा व्यवस्था गरिएअनुसार विस्थापित व्यक्ति वा परिवारको पुनर्वास निम्न अवस्थामा गरिनुपर्दछः क) यदि उनीहरूको अन्यत्र कुनै जग्गा नभएमा वा यदि जग्गा भएपनि भौगोलिक वा अन्य कारणले बसोवास गर्न अनुपयुक्त भएमा र ख) आर्थिक विपन्नताको कारण कुनै अर्को बासस्थानको व्यवस्था गर्न नसकिने भएमा । तर, ऐनले कुनै आय आर्जन कार्यमा संलग्न[105] व्यक्तिका लागि भने अपवाद खडा गरेको छ किनकी उनीहरूलाई पुनर्वासको प्रबन्ध गर्न सहुलियतपूर्ण ऋण र आंशिक अनुदानका लागि अयोग्य ठहराएको छ । प्रभावित व्यक्ति कुनै आय आर्जन कार्यमा संलग्न भएकै आधारमा उसलाई पुनर्वासको विकल्पबाट बहिष्करण गर्नु हुन्न ।

ध्यान दिनुपर्ने यो पनि छ की प्राकृतिक विपतबाट विस्थापित भएकाको हकमा मात्रै अस्थायी आवास र पुनर्वाससम्बन्धी व्यवस्था सीमित रहेको छ ।[106] प्राकृतिक विपतका पीडितहरूलाई प्राथमिकीरण गर्नु

---

[103] दफा ७ **आवास उपलब्ध गराउने :** यस ऐनको परिच्छेद -२ मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहले पारस्परिक समन्वयमा उपलब्ध श्रोत साधनको आधारमा देहायबमोजिमका आवासविहीन व्यक्ति तथा परिवारलाई प्राथमिकीकरण गरी क्रमशः तोकिएबमोजिम आवास सुविधा उपलब्ध गराउनु पर्नेछ : क) नेपाल राज्यभित्र आफ्नो वा आफ्नो परिवारको स्वामित्वमा घर जग्गा नभएको र आफ्नो वा आफ्नो परिवारको आय आर्जन, स्रोत वा प्रयासबाट आवासको प्रबन्ध गर्न असमर्थ रहेको, (ख) प्राकृतिक विपत्तिका कारण स्थायी रूपमा विस्थापित भएको र खण्ड (क) बमोजिमको अवस्था विद्यमान भएको ।

[104] दफा १३ (३) ।

[105] दफा १४ (१) को प्रतिबन्धात्मक वाक्यांश ।

[106] दफा १३ ।

महत्त्वपूर्ण भएपनि ऐनले अस्थायी वा आकस्मिक आवासको आवश्यकता पर्ने अन्य अवस्थाहरू (जस्तै आन्तरिक द्वन्द्व, अपराध, लिङ्ग, जात, यौनिक अभिमूखिकरणका आधारमा हुने हिंसा) लाई पनि समेटेको हुनुपर्दथ्यो । त्यसकारण एम्नेस्टी इन्टरनेसनल के कुरामा जोड दिन्छ भने जेसुकै कारण भएपनि सबै प्रकृतिको आवासविहीनताको अवस्थालाई संबोधन गर्नु स्थानीय सरकारको कर्तव्य हो ।

सर्वोच्च अदालतले आवासको आवश्यकतामा रहेकाहरूलाई आश्रय उपलब्ध गराउनुपर्ने राज्यको दायित्वलाई विभिन्न मुद्दामा मान्यता दिएको छ । *सुदर्शन सुवेदी वि. प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय* मुद्दामा सर्वोच्च अदालतले अपाङ्गता भएका व्यक्तिलाई मर्यादित जीवन यापन गर्नका लागि आवासको आवश्यकतामा रहेका अपाङ्गता भएका व्यक्तिहरूका लागि घर स्थापना गर्नेदेखि लिएर उनीहरूलाई विशेष तरिकाले व्यवहार गरिनुपर्ने हुन्छ भनी व्याख्या गरेको छ । यो मुद्दामा सरकारलाई आवासको आवश्यकतामा रहेकालाई पहिचान गरी आवासको व्यवस्था गर्न निर्देशन गरिएको छ ।[107] *जुरी नेपालका लागि राजुप्रसाद चापागाईं वि. नेपाल सरकार*[108] मुद्दामा सर्वोच्च अदालतले *आइसिइएससिआर*अन्तर्गतको सरकारी दायित्वलाई औंल्याउँदै अभावमा रहेकाहरूलाई खुवाउन र बसोवास गराउन सरकारलाई निर्देशित गरेको छ । कानुन र कार्यक्रममार्फत मौलिक हकलाई कार्यान्वयन गर्ने सवालमा अदालतले खाना र आवासको तत्काल सहायताको आवश्यकतामा रहेकाहरूलाई प्राथमिकतामा राख्नुपर्दछ भनी भनेको छ ।[109]

***सिफारिस:***

- *आवासविहीनताको कारण जेसुकै भएतापनि अस्थायी आवासको आवश्यकतामा रहेका सबै व्यक्ति र परिवारलाई यस्तो अस्थायी आवास सुविधाको व्यवस्था गर्न सरकारलाई बाध्यकारी बनाउने गरी ऐनलाई संशोधन गर्ने ।*
- *जीवन निर्वाहिका लागि कुनै आयआर्जनमा लागेकै आधारमा कसैलाई अस्थायी आवास वा पुनर्वास कार्यक्रममा सहभागी हुन इन्कार नगरिने प्रावधान समावेश गर्नका लागि ऐन संशोधन गर्ने ।*
- *बेसहारा र सामाजिक संरक्षणको आवश्यकता भएका मानिसलाई (जस्तै आकष्मिक आवास सुविधा प्रदान गरेर) आवासमा राख्ने कुरालाई सरकारको तत्कालीन दायित्वको रूपमा पार्ने गरी ऐन संशोधन गर्ने ।*
- *आवासको अधिकारसम्बन्धी कानून र नीति बनाउने क्रममा सार्वजनिक सरोकारका मुद्दाहरू ( जस्तै राजु चापागाईंसमेत र सुदर्शन सुवेदीसमेत) मा सर्वोच्च अदालतले सामाजिक न्यायको सवालमा दिएको फैसलाहरूलाई ध्यान दिनुपर्दछ ।*

## ५.९. आर्थिक सहायता :

ऐनको दफा ८ ले आवासविहीन व्यक्ति र परिवारलाई आफ्नै घर बनाउन सक्षम बनाउनका लागि

---

107 सर्वोच्च अदालत, *सुदर्शन सुवेदी समेत वि. नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय* (नेकाप, २०६९, नं. ५। पृ. ८३०)

108 *न्याय तथा अधिकार संस्था नेपाल (जुरी-नेपाल)का तर्फबाट राजु प्रसाद चापागाईं वि. नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय समेत,* मिति २०७३ जेठ २६ गतेको फैसला, रिट निवेदन नं. ०७१-WO-०२५७, ( नेकाप, २०७४, नं. ४, पृ. ८३१) ।

109 ऐ. हेर्नुहोस्, अनुच्छेद, ३ र २१ ।

आर्थिक सहायताको व्यवस्था गरेको छ ।[110] यदि "यो दफाअन्तर्गतको आर्थिक सहायताबाट" पनि आवासको व्यवस्था गर्न नसक्ने अवस्था छ भने यो ऐनले अति विपन्न र वैकल्पिक आवासको व्यवस्था गर्न नसक्ने आवासविहीन व्यक्ति र परिवारलाई प्राथमिकताको आधारमा आवास सुविधा प्रदान गर्ने उल्लेख गरेको छ । तथापि, अपर्याप्त आवासमा बसेकाहरूलाई सहयोग प्रदान गर्ने सवालमा कुनै व्यवस्था राखिएको छैन । त्यस्तै, सरकारले दिएको आर्थिक सहयातबाट आवास निर्माण गर्न विफल भएको अवस्थामा मात्र आवास सुविधा प्राप्त गर्न सकिने प्रावधान अन्तर्राष्ट्रिय मानवअधिकार मापदण्ड विपरीत छ । आवासविहीनताको रोकथाम गर्ने र आवासविहीन मानिसलाई आवास दिलाउने सरकारको तत्कालिक दायित्व हो ।

व्यक्तिगत आधारमा प्रत्यक्ष आर्थिक सहयोग प्रदान गर्नुका अलावा सीमान्तकृत र सुविधाहीन समूहहरूलाई आवासमाथिको पहुँच वृद्धि गर्नका लागि सामुदायिक वा नीजि क्षेत्रबाट भइरहेको प्रयासका माध्यमबाट आर्थिक सहायता प्रदान गर्न सकिने कुरामा पनि ध्यान दिइनुपर्दछ ।[111]

***सिफारिस:***

- *सरकारको आर्थिक सहयाताबाट स्थायी आवास सुविधा प्रदान नगरिन्जेलसम्म चरम विपन्नता र परित्यक्त अवस्थामा रहेका मानिसलाई अस्थायी र आकष्मिक आवास सुविधामा राख्ने सरकारको दायित्व हुने व्यवस्था राखेर ऐन संशोधन गर्ने ।*
- *सीमान्तकृत र सुविधाहीन समूहले आवासमा पहुँच पाउने कुरालाई प्रवर्धन गर्नका लागि सामुदायिक वा नीजि क्षेत्रबाट भएका प्रयासहरूमार्फत आर्थिक सहयोग प्रदान गर्ने व्यवस्था राख्ने गरी ऐन संशोधन गर्ने ।*
- *अयाप्त र असुरक्षित आवासमा बसोवास गरिरहेकालाई उचित आर्थिक र प्राविधिक सहयोग प्रदान गर्न सरकारलाई जिम्मेवार बनाउँदै ऐनमा संशोधन गर्ने ।*

## ५.१०. प्राथमिकता प्राप्त परिवारको पहिचान :

आवासको अधिकारलाई वास्तविकतामा बदल्न आवासविहीनताको जोखिममा रहेका र आवासविहीनहरूको पहिचान गर्नु अति महत्त्वपूर्ण हुन्छ । आवास सुविधा लिन योग्य ठहर्ने व्यक्ति तथा परिवारको लगत सङ्कलन गर्ने जिम्मेवारी ऐनले स्थानीय सरकारलाई दिएको छ । यसका लागि नेपाल सरकार (दफा ९) र प्रादेशिक सरकार (दफा ११) ले स्थानीय सरकारलाई आर्थिक र प्राविधिक सहयोग उपलब्ध गराउनुपर्दछ । क्रमिक र प्रगतिशील हिसाबमा प्राप्ति हुने विषय भएकोले आवास

[110] **दफा ८. वित्तीय सुविधा उपलब्ध गराउन :** (१) दफा ७ बमोजिम आवासविहीन व्यक्ति तथा परिवारलाई आवास सुविधा उपलब्ध गराउन तोकिएबमोजिमको सहुलियतपूर्ण वित्तीय सुविधा उपलब्ध गराइनेछ ।
(२) उपदफा (१) बमोजिमको सुविधा अन्तर्गत पनि आवासको व्यवस्था गर्न नसक्ने अति विपन्न र वैकल्पिक व्यवस्था गर्न नसक्ने आवासविहीन व्यक्ति तथा परिवारलाई प्राथमिकताका आधारमा ताकिएबमोजिम क्रमशः आवास सुविधा उपलब्ध गराइनेछ.

[111] उदाहरणका लागि, क्यामरुन निर्णय नं. ७७/१४० (१९७७) ले क्यामरुन हाउजिङ्ग लोन कम्पनी स्थापना गरेको छ जसले आवासलाई प्रवर्धन गर्ने परियोजनामा आर्थिक सहयोग प्रदान गर्छ । यो उद्देश्यका लागि निम्न अधिकार दिइएको छ : (क) न्यून आय भएकाहरूको आवास निर्माण प्रयोजनका लागि छुट्ट्याएको जमीनमा वित्त सेवा परिचालन गर्ने (ख) निश्चित मापदण्ड पुरा गरेका र योजनाको उद्देश्यअन्तर्गत पर्ने न्यून आय आवास कार्यक्रमको कार्यान्वयन लगायत सम्पत्ति र विकास कम्पनीका लागि आवश्यक पर्ने कोष खोजी गरी लगानी गर्ने (ग) सम्पत्तिको स्वामित्वलाई सहयोग गर्ने उद्देश्यका लागि प्राकृतिक र कानुनी व्यक्तिबाट बचत स्वीकृत गर्ने । यसका लागि क्रेडिट फन्सियरले अनुमोदन, प्रत्याभूति वा छुटका माध्यमबाट मध्यकालीन र दीर्घकालीन ऋण प्रदान गर्दछ ।

सुविधा प्रदान गर्नका लागि सरकारले मानिसलाई न्यायोचित र विवेकसम्मत आधारमा वर्गिकरण गर्न सक्छ ।

तथापि, ऐनमा संविधान[112] र अन्तर्राष्ट्रिय मानवअधिकार मापदण्डका आधारमा विशेष ध्यान दिनुपर्ने व्यक्तिहरूको प्राथमिकीकरणका लागि कानूनी मार्गदर्शनसहितको व्यवस्था ऐनमा राखिएको हुनुपर्दथ्यो ।

आवास सुविधा प्राप्त गर्नका लागि पूर्व सर्तका रूपमा दफा १२ अनुसार यस्तो सुविधा प्राप्त गर्नेले "देशको कुनै भू-भागमा आफ्नो वा आफ्नो परिवारको नाममा जग्गा, आवास वा दुवै नभएको र आफ्नो वा आफ्नो परिवारको आय आर्जन श्रोत वा प्रयासबाट आवासको व्यवस्था गर्न असमर्थ रहेको" घोषणा गर्नु पर्दछ । तर मानसिक अस्वस्थता, मनोसामाजिक समस्या, बिरामी भएको अवस्था, भौगोलिक विकटता वा यस्तो सुविधाको अनभिज्ञताको अवस्थामा सम्बन्धित व्यक्तिलाई सरकारी सेवा सुविधा माग गर्न संभव नहुन सक्छ । तसर्थ, आवासविहीन वा आवासविहीनताको जोखिममा रहेका वा असुरक्षित आवासमा बसेकाहरूलाई अग्रसक्रियताका साथ पहिचान गरी उनीहरूको समस्या संबोधन गर्ने स्पष्ट दायित्वको व्यवस्था पनि गरिएको हुनपर्दथ्यो ।

***सिफारिस***

- *आवासविहीन व्यक्ति र परिवारले सम्बन्धित अधिकारीसमक्ष आएर आफ्नो अवस्था घोषणा गर्नुपर्ने व्यवस्थाका साथै ऐनमा आवास सुविधाको आवश्यकतामा रहेका मानिसलाई अग्रसक्रियताका साथ पहिचान गर्न अधिकारीहरूलाई बाध्यकारी बनाउने प्रावधान समावेश गर्ने गरी संशोधन गर्नुपर्दछ ।*

# ५.११. सामूहिक स्वामित्व :

यस ऐनअनुसार सरकारी सहयोगमा प्राप्त गरिएको वा निर्माण गरिएको आवास सुविधाको संयुक्त स्वामित्त्वसम्बन्धी केही सन्दर्भहरू यस ऐनमा भएको भएपनि दफा १५ मा श्रीमान र श्रीमतीको बीचमा यस्तो आवास सुविधामा संयुक्त स्वामित्त्व सुनिश्चित गर्न कुनै स्पष्ट कानूनी व्यवस्था राखिएको छैन ।[113] जमीन वा आवासमा महिला र पुरुषबीच हुने असमानतालाई संबोधन गर्न ऐनमा संयुक्त स्वामित्त्वसम्बन्धी अनिवार्य प्रावधानको व्यवस्था गरिएको हुनुपर्थ्यो । सरकारले वितरण गरेको जमीनको स्वामित्त्वमा श्रीमान र श्रीमतीको संयुक्त स्वामित्त्वलाई प्रोत्साहन दिइएको प्रावधानले लैङ्गिक असमानतालाई घटाएको पाइएको छ ।[114] एम्नेस्टी इन्टरनेसनल नेपाल सरकारलाई यस्तो प्रावधानलाई आवासको क्षेत्रमा पनि अनुसरण गर्न प्रोत्साहन गर्दछ ।

***सिफारिसः***

- *सरकारले दिने आवासको सुविधामा श्रीमान र श्रीमतीको संयुक्त स्वामित्त्वको व्यवस्था*

---

[112] धारा ४२ (सामाजिक न्याय), १८ (समानताको अधिकार), ५१ (राज्यको नीति) ।

[113] दफा १५ (१) "यस ऐनबमोजिम नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहबाट आवास निर्माण गरी नागरिकलाई प्रदान गरिएकोमा त्यस्तो आवासको स्वामित्व त्यस्तो आवास सुविधा प्राप्त गर्ने व्यक्ति, परिवार वा समुदायको एकल, सामूहिक वा संयुक्त स्वामित्व रहने गरी व्यवस्था गर्न सकिनेछ ।"

[114] https://sheland.org/2017/07/29/joint-ownership-of-land-strengthening-womens-land-rights-in-nepal/

*राख्नेगरी ऐनमा संशोधन गर्ने ।*

- *जमीन वा आवासमा भएको एकल स्वामित्वलाई संयुक्त बनाउन प्रोत्साहनस्वरुप अलग्गै प्रावधान (जस्तै दर्ता दस्तुर मिनाहा) राख्न पनि सकिन्छ ।*

# ५.१२. घरबहाल र अनौपचारिक भोगसम्बन्धको कानूनी सुरक्षा :

"भोगचलनको कानूनी सुरक्षा" ले कुनै वस्तीमा बसोवास गरिरहेकाहरूलाई उनीहरूको अधिकारमा हुने अतिक्रमण वा उनीहरू बसेको ठाउँबाट अन्यायपूर्ण, अविवेकपूर्ण र स्वेच्छाचारी ढङ्गमा हुने निष्कासन, बेदखल वा अन्य कुनै उत्पीडन जस्ता गतिविधिबाट एक हदको संरक्षण पदान गर्दछ । यसलाई अन्तर्राष्ट्रिय मानवअधिकार कानूनले एउटा महत्त्वपूर्ण अवयवको रूपमा मान्यता दिएको छ । सामान्य टिप्पणी नं. ४ ले भनेको छ : "सबैले जबर्जस्ती निष्कासन, उत्पीडन वा अन्य त्रास वा धम्कीबाट कानूनी संरक्षणसहितको भोगचलनसम्बन्धी एक हदको सुरक्षा प्राप्त गरेको हुनुपर्दछ ।"[115] *आइसिइएससिआर*का पक्ष राष्ट्रलाई "यस्तो संरक्षण प्राप्त नगरेका व्यक्ति र समुदायलाई लक्षित गरी तत्काल भोगसम्बन्धको कानूनी सुरक्षाको व्यवस्था गर्ने दिशामा उपायहरू अपनाउन" र यसो गर्दा "प्रभावित व्यक्ति वा समूहसँग वास्तविक परामर्श गर्न" आह्वान गरिएको छ ।[116] तथापि, भाडामा बसिरहेका र अव्यवस्थित रूपमा बसोवास गरिरहेकाहरूको आवास भोगचलनको सुरक्षाको सवालमा यस ऐनले कुनै कानूनी सुरक्षाको प्रावधान राखेको छैन ।

विगतमा कानूनी संरक्षणको अभावमा अव्यवस्थित रूपमा बसोवास गरिरहेकाहरूलाई आवासको अधिकारबाट वञ्चित गराउनुका साथै जबर्जस्ती निष्कासनबाट पीडित बनाइएको छ । उदाहरणका लागि सन् २०१२ मे महिनामा योजनाबद्ध शहरी विकास परियोजना कार्यान्वयनका लागि भन्दै अधिकारीहरूले बागमती नदी किनारमा अव्यवस्थित रूपमा बसोवास गरिरहेकाहरूलाई जबर्जस्ती निष्कासन गरे । जसका कारण २५७ घरहरू भत्काइए र ४०१ बालबालिकासमेत गरी ८४४ जना मानिस आवासविहीन हुन पुगे ।[117]

***सिफारिस:***

- *बहालमा बसेका र अव्यवस्थित रूपमा बसोवास गरिरहेकाहरूको आवास भोगचलनको कानूनी सुरक्षालाई मान्यता दिने, औपचारिकता दिने र नियमन गर्ने प्रावधानहरू समावेश गरी ऐन संशोधन गर्ने ।*
- *जस्तोसुकै प्रकृति वा स्वरुपको भएपनि व्यक्तिका आवासहरू अनतिक्रम्य हुन्छन् र त्यसकारण उचित कानूनी प्रकृया अनुसरण नगरी कुनै पनि आवासमा प्रवेश गर्न र खोजतलास गर्न नपाइने व्यवस्था राखी ऐन संशोधन गर्ने ।*
- *बहालसम्बन्धी संझौताको स्वेच्छाचारी समाप्ति, चर्को बहाल असुलीबाट संरक्षण र बहालमा बस्नेमाथि हुने त्रास, धम्की, उत्पीडन वा जबर्जस्ती निष्कासनका सवालमा पर्याप्त क्षतिपूर्तिको व्यवस्थासहितको प्रावधान राख्ने गरी ऐनमा संशोधन गर्ने ।*

---

[115] आर्थिक, सामाजिक तथा साँस्कृतिक समितिको सामान्य टिप्पणी नं. ४, पर्याप्त आवासको अधिकार ( छैटौँ सत्र, १९९१), U.N. Doc. E/1992/23, at para. 8(a).

[116] ऐ ।

[117] *ह्युमन राइट्स वाच,* नेपाल: *"हल्ट इभिक्सन्ज इन काठमाडौँ",* आवास ध्वस्त बनाउँदा सुविधाहीन मानिसहरूको अधिकार जोखिमममा, १० मे २०१२, www.hrw.org/news/2012/05/10/nepal-halt-evictions-kathmandu

## ५.१३. आवासको बिक्री तथा हस्तान्तरणमा बन्देज :

दफा १५ (३) ले यस ऐनबमोजिम आवास सुविधा प्राप्त गरेका व्यक्ति र परिवारले सोही आवासमा बस्नुपर्ने व्यवस्था राखेको छ ।[118] त्यस्तै, दफा १५ (५) ले यस्तो आवासलाई धितो बन्धक राखी ऋण लिन, बेचबिखन गर्न, भाडा वा लिजमा दिन वा अन्य व्यक्तिलाई स्वामित्त्व हस्तान्तरण गर्न वा अन्य कुनै प्रकारले हक छाड्न बन्देज लगाएको छ ।[119] यो प्रावधान विपरीत हुने गरी गरिएको कुनै पनि कार्य स्वतः अमान्य हुनेछ । यद्यपि, ऐनमा यस्तो सम्पत्ति अंशियारको बीचमा अंशबण्डा गर्न र हकवालाको नाममा स्वामित्व हस्तान्तरण गर्न मिल्ने प्रावधान रहेको छ ।

आवास सुविधालाई उचित ढङ्गमा प्रयोग गरिएको सुश्चित गर्ने व्यवस्था राख्नु न्यायोचित भएपनि ऐनका प्रावधानहरू यसको वैधानिक उद्देश्यभन्दा पर गएका छन् किनभने यी प्रावधानले आवातजावतको स्वतन्त्रता, वासस्थान छनोटसम्बन्धी स्वतन्त्रता र सम्पत्तिको हकमाथि बन्देज लगाउँदछन् । अंशियारभन्दा अरुमा स्वामित्व हस्तान्तरण गर्न बन्देज लगाउनु पनि अवैधानिक छ ।[120] यस ऐनले आवासलाई सम्पत्तिको रूपमा सहि सदुपयोग गर्ने तथा यो सुविधा प्राप्त गर्ने परिवारको जीवनस्तरमा बढोत्तरी ल्याउनका लागि यसबाट अधिकतम लाभ उठाउने ऐनको वैधानिक उद्देश्य प्राप्तिमा सहयोग पुऱ्याएको हुनुपर्न्दथ्यो । यस्तो कानूनी उपायले संविधानको धारा १८ (३) (जस्तै जोखिममा रहेका समूहहरूको संरक्षण, सशक्तिकरण र विकास) विपरीत नभएको पनि निश्चित गर्नु पर्ने हुन्छ । सरकारले दिएको आवासको सुविधामा हुनसक्ने दुरुपयोगलाई रोक्ने अन्य उपायहरू पनि हुन सक्छन् । यो ऐनअन्तर्गत प्रदान गरिएको जमीनको स्वामित्व हस्तान्तरण वा धितो बन्दकी राख्ने वा लिजमा दिने कुरालाई विशेष कार्यविधि बनाएर सुविधा प्राप्त गर्ने परिवारको वृहत्तर भलाइ तथा कारोबारको उद्देश्य वैधानिक रहेको कुरा सुनिश्चित गरी केही निश्चित अवधिका लागि त्यस्तो कारोबार वा हस्तान्तरण गर्न सकिने व्यवस्था राख्न सकिन्छ ।

***सिफारिसः***

- *सम्पत्तिको हक, आवातजावको स्वतन्त्रता, वासस्थान रोज्ने स्वतन्त्रता जस्ता अधिकारको सन्दर्भमा आवासको सुविधालाई परिवारको जीवनस्तर बढोत्तरी गर्ने उद्देश्यका साथ गर्न सकिने पूँजीकरण वा अन्य प्रयोगमाथि विद्यमान ऐनमा भएको बन्देजलाई मध्यनजर गर्दै दफा १५ को समग्र व्यवस्थालाई संशोधन गरिनुपर्दछ ।*

## ५.१४. आवासको सुविधा प्राप्त गर्ने योग्यता :

---

[118] दफा १५ (३) : दफा १५ (३) मा यस्तो व्यवस्था रहेको छ : "कुनै एक व्यक्ति तथा परिवारको एकल स्वामित्व रहने गरी आवास सुविधा प्रदान गरिएको भएमा त्यस्तो आवासमा जसको स्वामित्व रहेको हो सोही व्यक्ति तथा परिवार बस्नु पर्नेछ ।"

[119] दफा १५ (५) मा यस्तो व्यवस्था रहेको छ : "उपदफा (२), (३) र (४) बमोजिमा कुनै व्यक्ति तथा परिवारको एकल, सामूहिक वा संयुक्त स्वामित्व रहने गरी उपलब्ध गराइएको आवास त्यस्तो आवास उपलब्ध गराउने सम्बन्धित नेपाल सरकार वा प्रदेश सरकार वा स्थानीय तहको स्वीकृति नलिई बैङ्क, वित्तीय वा अन्य संस्थामाा धितो बन्धक राखी ऋण लिन, बेचबिखन गर्न, भाडा वा लिजमा दिन वा अन्य व्यक्तिलाई स्वामित्व हस्तान्तरण गर्न वा अन्य कुनै प्रकारले हक छाड्न पाइने छैन ।"

120 धारा १७ (स्वतन्त्रताको अधिकार) र धारा २५ (सम्पत्तिको हक) ।

दफा १७ (१) ले सरकारका तर्फबाट प्रदान गरिने आवासको सुविधामा एउटा अपवाद सिर्जना गरेको छ । यसले केही व्यक्ति र परिवारलाई नेपाल सरकार, प्रादेशिक सरकार तथा स्थानीय सरकारबाट यस्तो सुविधा पाउन अयोग्य घोषित गरेको छ । अयोग्यताका मापदण्डहरू निम्नबमोजिम छन् :

- राष्ट्रसेवक मानिने पदमा बहाल रहेको, सेवानिवृत्त वा पदमुक्त भएको व्यक्ति तथा निजको परिवार;
- स्वदेशी वा विदेशी कम्पनी, सङ्गठित संस्था, साझेदारी, फर्मबाट पारिश्रमिक वा अन्य कुनै आर्थिक सुविधा पाइरहेको व्यक्ति तथा निजको परिवार;
- स्वदेशी वा विदेशी गैरसरकारी संस्थाबाट पारिश्रमिक वा अन्य कुनै आर्थिक सुविधा पाइरहेको व्यक्ति तथा निजको परिवार;
- निजी क्षेत्रमा व्यापार, व्यवसाय वा अन्य आर्थिक उपार्जनको कार्यमा संलग्न रहेको व्यक्ति वा निजको परिवार;
- विदेशी सरकार वा अन्तर्राष्ट्रिय सङ्घ संस्थामा काम गरिरहेको वा त्यसबाट निवृत्तभरण वा अन्य आर्थिक सुविधा प्राप्त गरिरहेको व्यक्ति तथा निजको परिवार;
- विदेशी मुलुकको आवासीय अनुमति प्राप्त गरेको वा विदेशी मुलुकमा स्थायी बसोवास गरिरहेको व्यक्ति तथा परिवार;
- आवासीय प्रयोजनका लागि कसैको घर, जग्गा वा अपार्टमेन्ट बहालमा लिई बसेको व्यक्ति तथा परिवार;
- आवास नभएको तर नेपाल सरकारले तोकेकोभन्दा बढी चल वा अचल सम्पत्ति भएको व्यक्ति तथा परिवार;
- तोकिएबमोजिमका अन्य व्यक्ति तथा निजको परिवार ।"

माथि उल्लिखित आधारमा आवास सुविधा प्राप्त गर्नमा कानूनी प्रतिबन्ध लगाउनु अवान्छनिय छ । यो व्यवस्थाको प्रयोगले अन्य जीविकोपार्जनसम्बन्धी गतिविधिमा लागेका (सानो व्यापार, अल्पकालीन जागिर, दैनिक ज्यालादारीमा काम गर्ने)हरू राज्यको आवास सुविधा प्राप्त गर्नबाट बष्किरणमा पर्नेछन् । आफू र परिवारका लागि पर्याप्त आवास उपलब्ध गराउन नसक्ने तर यो मापदण्ड लागू हुनेहरूका लागि बरु पारिवारीक आय र उक्त आय पर्याप्त आवासमा पहुँच हाँसिल गर्न पर्याप्त छ वा छैन भन्ने आधारमा यस्तामापदण्डहरू तय गरिनुपर्दछ । ध्यान दिनुपर्ने कुरा के थियो भने आफू र परिवारको हातमुख जोर्न पनि नपुग्ने आय भएका व्यक्तिहरू उपयुक्त आवासको व्यवस्था गर्न सक्दैनन् । मासिक तथा वार्षिक आयको सीमा तथा सम्बन्धित अवस्थाका व्यक्ति र परिवारको आवास सुविधाको आवश्यकतासम्बन्धी वस्तुगत आधारहरू तय गर्ने व्यवस्था ऐनमा राखिएको हुनुपर्दथ्यो । तसर्थ यी आधारहरूमा पुनर्विचार गरी सरकारले दिने आवास सुविधाको दायरालाई फराकिलो बनाउनु महत्त्वपूर्ण छ ।

### *सिफारिसः*

- *जीवन निर्वाहसम्बन्धी गतिविधिहरूमा संलग्न (सानो व्यापार, अल्पकालीन जागिर, केही अवधिका लागि रोजगार, दैनिक ज्यालादारीमा काम गरिरहेका) हरूले पनि सरकारी आवास सुविधा दावि गर्न सक्ने हिसावमा वस्तुगत आधारहरू राखिएको व्यवस्थासहित ऐनलाई संशोधन गर्ने ।*

## ५.१५. कसुर र सजाय :

दफा २५ अन्तर्गत कसुर मानिएका कार्यहरू यस प्रकार छन् : (क) झुट्ठा विवरण पेश गरी आवास सुविधा लिएमा; (ख) आवास सुविधाको दुरुपयोग गरेमा वा आवासलाई आवास बाहेकको अन्य प्रायोजनमा प्रयोग गरेमा; (ग) जानीजानी झुठो विवरण सङ्कलन गरेमा वा सिफारिस गरेमा; र (घ) दफा १५(५) विपरीतको कार्य गरेमा । दफा १५(५) मा सरकारी सुविधाअन्तर्गत पाएको आवासलाई "धितो बन्धक राखी ऋण लिन, बेचबिखन गर्न, भाडा वा लिजमा दिन वा अन्य व्यक्तिलाई स्वामित्त्व हस्तान्तरण गर्न वा सम्बन्धित सरकारी निकायबाट स्वीकृति नलिई अन्य कुनै प्रकारले हक छाड्न" प्रतिबन्ध लगाइएको छ ।

आवास सुविधा पाउनका लागि जानीजानी झुट्ठा विवरण पेश गर्ने तथा पेश गरिएको विवरण झुठो हो भन्ने जानीजानीकन पनि आवास सुविधाको लागि मनोनयन गर्ने कार्यलाई दण्डित गर्नु न्यायोचित छ । तर आवास सुविधालाई बसोवास भन्दा अन्य प्रयोजनमा लगाउनुलाई अपराधीकरण गर्नू समस्याग्रस्त कुरा हो । यदि आवासको सुविधालाई वैधानिक उद्देश्य - जस्तै उक्त सुविधा प्रयोग गरेर पुँजी सिर्जना गर्ने - का लागि प्रयोग गरिएको छ भने यस्तो गतिविधि गर्न दिनेमात्र हैन बरू सहजीकरण गरिदिनुपर्दछ ।

अर्कोतिर ऐनले जबर्जस्ती निष्कासन वा घरधनीद्वारा बहालवालमाथि हुने धम्की, त्रास वा उत्पीडनका कारण कोही आवासविहीन भएमा त्यस्तो कार्यलाई निषेध गरेको हुनुपर्थ्यो । त्यसैगरी, घर बहालमा लिने सवालमा दलित, एचआइभि सङ्क्रमित, यौनिक अल्पसङ्ख्यक अदिका विरुद्ध व्याप्त विभेदपूर्ण व्यवहारलाई ध्यानमा राख्दै ऐनले यस्तो विभेदवाट संरक्षण प्रदान गर्ने उचित प्रबन्ध गरेको हुनुपर्दथ्यो ।

***सिफारिसः***

- *व्यवसाय आदिको प्रयोजनका लागि धितो राखी ऋण लिएर पूँजी हाँसिल गर्ने जस्तो वैधानिक उद्देश्यका लागि आवासलाई प्रयोग गर्न दिने व्यवस्था राखेर ऐन संशोधन गर्ने ।*
- *जबर्जस्ती निष्कासन विरुद्ध सरकारी अधिकारीहरुलाई जवाफदेहि वनाउने गरि ऐन संशोधन गर्ने ।*
- *आवासविहीन व्यक्तिहरूलाई विभेद गर्ने, धम्क्याउने, त्रास देखाउने वा उत्पीडन पार्ने वा उनीहरूलाई जीवन निर्वाहका प्रयासहरूबाट विमुख पार्ने कार्यलाई अपराधीकरण गर्ने व्यवस्था ऐनमा राख्ने ।*
- *विशेष वर्गका जनसङ्ख्या जस्तै दलित, एचआइभि सङ्क्रमित, यौनिक अल्पसङ्ख्यक तथा अन्य सीमान्तकृत समूहको आवासमा पहुँच प्राप्त गर्नका लागि असहजता पैदा गर्ने विभेदकारी अभ्यासविरुद्ध संरक्षण प्रदान गर्ने प्रावधान थप्ने ।*

## ५.१६. स्वामित्व फिर्ता लिने कार्य :

दफा २६ मा यो ऐनअन्तर्गत सरकारले प्रदान गरेको आवास सुविधाको स्वामित्त्व फिर्ता लिने प्रावधान रहेको छ । आवास सुविधा प्राप्त गरेको व्यक्तिले यदि तीन वर्षसम्म उक्त सुविधामा बसोवास नगरेमा वा दफा २६ मा व्यवस्था गरिएको अवस्थाको उल्लङ्घन हुनेगरी प्रयोग गरेमा उक्त आवास

सुविधालाई फिर्ता गरिनेछ र सम्बन्धित सरकारको स्वामित्त्वमा हस्तान्तरण हुनेछ ।[121] यो ऐनले सरकारले प्रदान गरेको आवास सुविधामा वसोवास नगरेको हरेक अवस्थालाई वदनियतका रूपमा अनुमान लगाउनु अन्यायपूर्ण हुन्छ । बरु उक्त आवासलाई किन लाभग्राहीले आफ्नै आवास प्रयोजनको लागि प्रयोग गरेन भनेर सम्बन्धित अधिकारीले जानकारी लिनुपर्ने प्रावधान ऐनमा राखिएको हुनुपर्दथ्यो । आवास सुविधा फिर्ता लिनेसम्बन्धी कुनै पनि निर्णयका विरुद्ध अपिल गर्ने प्रकृया पनि हुनुपर्दथ्यो ।

***सिफारिस:***

- *आवास सुविधा प्राप्त गर्नेले तीन वर्षसम्म उक्त सुविधामा नबसेकै आधारमा सो सुविधा फिर्ता गर्ने प्रावधान हटाउनेगरी ऐनमा संशोधन गर्ने ।*
- *बरु आवास सुविधा प्राप्त गर्ने व्यक्तिले किन उक्त सुविधा आफ्नै आवास प्रयोजनको लागि प्रयोग गरेन भनेर अधिकारीहरूले कारण खाजी सोही कारणअनुसार उनीहरूलाई जवाफदेही बनाउने प्रावधान ऐनमा राख्ने ।*

## ५.१७. मर्मतसंभार र सुविधा खर्च :

आवास सुविधाको मर्मतसंभार खर्च सुविधा प्राप्त गर्ने व्यक्ति स्वयंले ब्यहोर्नु पर्ने प्रावधान यस ऐनमा राखिएको छ ।[122] सरकारको लागि यस्तो खर्चसम्बन्धी कुनै जिम्मेवारी राखिएको छैन ।

त्यस्तै, खर्चमुक्त नभएको अवस्था बाहेक यस्तो सुविधा पाउने व्यक्ति स्वयंले बिजुली, खानेपानी लगायतका अन्य सेवासुविधाहरूको खर्च बेहोनुपर्ने प्रावधान ऐनमा रहेको छ । *आइसिइएससिआर*मा व्यवस्था गरेअनुसार सुरक्षित पिउने पानी, पर्याप्त सरसफाइको व्यवस्था, खाना पकाउन, न्यानो पार्न, बत्ती बाल्न र लुगा धुनका लागि इन्धन तथा खाना भण्डारण र फोहोर व्यवस्थापनको माध्यम नभएको अवस्थामा कुनैपनि आवास पर्याप्त हुँदैन ।[123] यसको अर्थ निश्चित रूपमा यो हैनकी सरकार यी सुविधाहरू निशुल्क सबैलाई उपलब्ध गराउन बाध्य छ । तथापि, यदि जनताले यस्तो शुल्क तिर्न नसकेमा भने सहुलियत प्रकृयाबाट होस या प्रत्यक्ष वित्तीय सहयोग प्रदान गरेर उनीहरूलाई यस्तो सुविधामा पहुँच सुनिश्चित गर्नुपर्दछ ।

यसकारण आवास सुविधा प्राप्त गर्ने व्यक्ति स्वयंलाई मात्र मर्मतसंभार खर्च पुरै ब्यहोर्न लगाउनु न्यायोचित हुन्न । त्यसैगरी, यो ऐनले आवश्यकताको आधारमा इन्धन, पिउने पानी, सरसफाइ लगायत अन्य सरसुबिधासम्बन्धी खर्च सरकारले ब्यहोर्ने प्रावधान राखेको हुनुपर्दथ्यो ।

***सिफारिस:***

---

121 दफा २६ को व्यवस्थाअनुसार : “दफा १५ को उपदफा (६) मा उल्लिखित अवस्थाको अतिरिक्त देहायको अवस्था भएमा यस ऐन बमोजिम उपलब्ध गराइएको आवास त्यस्तो व्यक्ति तथा परिवारको नामाबाट लगत कट्टा गरी त्यस्तो आवास सुविधा उपलब्ध गराउने नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको नाममा कायम गरिने: (क) आवास उपलब्ध गराइएको व्यक्ति तथा परिवारले बसोबास नगरेमा वा लगातार तीन वर्ष वा सोभन्दा बढी अवधि भोग चलन नगरेमा, (ख) ताकिए बमोजिमको अन्य अवस्थामा ।

122 आवासको अधिकारसम्बन्धी ऐन २०७५, दफा २७ (१) ।

123 *सिइएससिआर* सामान्य टिप्पणी नं ४ : पर्याप्त आवासको अधिकार (अनुबन्धको धारा ११(१)) । आर्थिक, सामजिक, सांस्कृतिक अधिकार समितिको छैटौं सत्रले अनुमोदन गरेको, १३ डिसेम्बर १९९१, UN Document E/1992/23. Para 8(b).

- *आवश्यकताको आधारमा परिवार तथा व्यक्तिलाई यस ऐनबमोजि उपलब्ध गराइएको आवास सुविधाको इन्धन र खानेपानी लगायत सेवा उपभोग खर्च र मर्मत संभार खर्च सम्बन्धित सरकारले नै ब्यहोर्ने जिम्मेवारी तोकी कानून संशोधन गर्ने ।*

## ५.१८. नियम, कार्यविधि र निर्देशिका तर्जुमा गर्ने क्रममा परामर्श :

दफा ३० मा नेपाल सरकारलाई यो ऐन कार्यान्वयन गर्नका लागि आवश्यक नियम तर्जुमा गर्ने जिम्मेवारी प्रदान गरिएको छ । यसैगरी, दफा ३१ ले यो ऐन कार्यान्वयन गर्नका लागि आवश्यक पर्ने कार्यविधि र निर्देशिका तर्जुमा गर्ने जिम्मेवारी तीनै तहका सरकारलाई प्रदान गरिएको छ । तथापि, ऐनले यस्तो नियम, कार्यविधि र निर्देशिका तर्जुमा गर्ने क्रममा सम्बन्धित सरकारलाई परामर्श गर्ने जिम्मेवारी तोकेको छैन । यस्तो कानूनी निर्देशनको अभावलाई कानून र सार्वजनिक नीति तर्जुमा गर्ने क्रममा साझेदारहरूसँग परामर्श गर्नुपर्ने दायित्व - जुन नेपाल पक्ष राष्ट्र भएको नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध (ICCPR) ले समाविष्ट गरेको मानव अधिकार मूल्य पनि हो - लाई पन्छाउने बहानाको रूपमा सरकारले प्रयोग गरिनु हुँदैन ।[124] आप्रवासी मानिसका लागि असर पार्ने कानुनी र नीतिगत उपायका बारेमा विचार गर्दा परामर्श र सहभागिता आइएलओ महासन्धि १६९ अन्तर्गत पनि राज्यको दायित्वको एउटा अंश हो ।[125]

***सिफारिस***

- *यसकारण एम्नेस्टी इन्टरनेसनल अधिकारीहरूलाई कुनै पनि विधेयक संसदमा ल्याउनुअघि वा कानुनी संरक्षणलाई सुदृढ पार्न आवश्यक कुनै पनि नियम, कार्यविधि तथा निर्देशिका बनाउँदा साझेदारहरूसँग पर्याप्त परामर्श गर्न र पारित गरिएको ऐन, नियमलाई प्रभावकारी ढङ्गमा कार्यान्वयन गर्न सिफारिस गर्दछ ।*

## ५.१९. क्षतिपूर्ति र परिपूरण :

जबर्जस्ती निष्कासनको सन्दर्भमा बाहेक यो ऐनमा प्रत्याभूत गरिएको आवासको अधिकारको उललङ्घनका पीडितलाई क्षतिपूर्ति दिने कुनै व्यवस्था गरिएको छैन ।
गुनासो सुन्ने, यस्तो गुनासोका बारेमा सोधखोज र अनुसन्धान गर्ने, क्षतिको मूल्याङ्कन गर्ने र पर्याप्त क्षतिपूर्ति उपलब्ध गराउने सन्दर्भमा ठूलो रिक्तता रहेको छ ।

पीडितले भोगेको कुनै पनि हानिका लागि क्षतिपूर्ति भराउने र त्यस्तो क्षतिपूर्तिको मात्रा निर्धारण गर्ने मापदण्ड ऐनमा राखिएको हुनुपर्दथ्यो । क्षतिपूर्तिका अलावा, प्रतिस्थापन र पुनर्स्थापना जस्ता परिपूरणका अन्य स्वरुपहरू पनि ऐनमा व्यवस्था गरिएको हुनुपर्दथ्यो ।

***सिफारिस :***

---

[124] ICCPR, धारा २५ ।

[125] धारा ६ आइएलओ महासन्धि १६९ मा आदिवासी जनजातिलाई प्रत्यक्ष असर पार्ने कानुनी र प्रशासनिक उपायहरू छन् भने उनीहरूसँग व्यापक परामर्श गर्नुपर्ने प्रावधान रहेको छ ।

- *क्षतिपूर्ति लगाय पर्याप्त परिपूरणको अधिकारलाई मान्यता दिँदै आवासको अधिकार उल्लङ्घनका कारण भएको हानिको बारेमा सोधखोज र मूल्याङ्कन गर्न जिम्मेवार संयन्त्र निर्दिष्ट गरी ऐन संशोधन गर्ने ।*
- *क्षतिपूर्ति निर्धारण गर्नका लागि लागू हुने मापदण्डलाई स्पष्ट पार्दै ऐन संशोधन गर्ने ।*

## ५.२०. सुपरिवेक्षेण *(नोडल)* निकाय :

संविधान र कानूनमा मान्यता प्राप्त हुनु कुनै पनि अधिकार प्राप्ति गर्ने सन्दर्भको पहिलो खुड्किलो हो । पर्याप्त आवासको अधिकारलाई महशुस गरिएको सुनिश्चित गर्न एउटा शक्तिशाली *नोडल* निकाय जस्तै स्वतन्त्र आवास परिषद् वाञ्छनीय हुन्छ ।

खाधअधिकार तथा खाद्य संप्रभुतासम्बन्धी ऐन[126] मा जस्तो आवासको अधिकारसम्बन्धी ऐनमा आवाससम्बन्धी महत्त्वपूर्ण नीतिगत विषयहरूमा (आवास सामग्रीको मूल्य नियमन, सूचकाङ्क विकास, आवासविहीनतालाई रोकथाम गर्नका लागि रणनीति र योजना तयार गर्ने, आवासविहीन मानिसलाई आवास सहायातका लागि आकष्मिक कोष खडा गर्ने, सरकारी पनर्वासलाई व्यवस्थित पार्ने मापदण्डा निर्धारण, जबर्जस्ती निष्कासनसम्बन्धी कार्यविधि र निर्देशिका तयार, राष्ट्रिय कानून र नीतिहरूलाई अन्तर्राष्ट्रिय मानवअधिकारसम्बन्धी मापदण्डहरूसँग तादात्मयता रहेको सुनिश्चित गर्ने) सुझाव दिनका लागि र ऐनको कार्यान्वयनसम्बन्धी अनुगमनका लागि *नोडल* निकायसम्बन्धी कुनै प्रावधानहरू राखिएका छैनन् । ऐनको कायान्वयनको अनुगमन तथा सम्बन्धित अधिकारीहरूलाई सल्लाह र सुझाव दिनका लागि केन्द्र, प्रदेश र स्थानीय तीनै तहमा स्पष्ट काम, कर्तव्य र अधिकारसहितको यस्तो निकाय हुनुपर्ने व्यवस्था ऐनमा समावेश गरिएको हुनुपर्दथ्यो ।

***सिफारिस :***

- *ऐनको कार्यान्वयनको अवस्थालाई लेखाजोखा गर्न तथा नीतिगत सुझाव प्रदान गर्नका लागि स्पष्ट काम, कर्तव्य र अधिकारसहितको केन्द्र, प्रदेश तथा स्थानीय तहमा* नोडल *संयन्त्र गठनसम्बन्धी प्रावधान राख्ने ।*

## ५.२१. गुनासो सुनुवाइ गर्ने संयन्त्र :

सरकारी निकायहरू बीचको पारदर्शिता र जवाफदेहीता कायम गर्दै कानूनले नै कार्यादेश दिएको गुनासो संबोधन गर्ने संयन्त्रलगायतका माध्यमबाट शीघ्र प्रशासनिक उपचार प्राप्त गर्नु पर्याप्त आवासको अधिकारको प्राप्तिका लागि एक महत्त्वपूर्ण छ । यस्तो संयन्त्रलाई पीडित व्यक्ति, परिवार र समुदायबाट गुनासो सुन्ने र गुनासोको सुनुवाइ गर्ने जिम्मेवारी प्रदान गर्न सकिन्छ ।[127]

---

[126] खाद्य अधिकार तथा खाद्य संप्रभुतासम्बन्धी ऐन (दफा ३२, ३४, ३६) ले केन्द्र र प्रदेशमा खाद्य परिषद् तथा स्थानीय तहमा खाद्य समन्वय समितिको प्रावधान राखेको छ ।

[127] "यस्ता स्थानीय संयन्त्रका उदाहरणमा स्थानीय वा राष्ट्रिय *ओम्बड्स* कार्यालय; बोस्निया हर्जगोभिनाको जस्तै शहरी स्तरको मानवअधिकार आयोग; प्रादेशिक तहको सरकारको क्षेत्राधिकारलाई अनुगमन गर्ने राष्ट्रिय तथा प्रादेशिक स्तरको मानवअधिकार आयोग; मानवअधिकारका गुनासाहरू संबोधनका लागि नगर स्तरीय जननिर्वाचित परिषद् पर्दछन्" । "स्थानीय मानवअिधकार संयन्त्रको स्थापना पर्याप्त आवासको अधिकार संरक्षण गर्ने एउटा माध्यम

प्रशासनिक उपचारको महत्त्वलाई जोड दिँदै विशेष प्रतिवेदकले भन्नुभएको छ कि “कानूनी र प्रशासनिक उपचारले साधारणतया पर्याप्त आवासको अधिकारको महत्त्वपूर्ण अन्तर्वस्तुहरूलाई आकर्षित गर्दछ र यस्ता संयन्त्रहरू स्थानीय वा प्रादेशिक स्तरमा विशेष महत्त्वका हुन्छन् जहाँ आवासका कार्यक्रमहरू सञ्चालित हुन्छन् र जहाँ प्रभावितहरूले सामान्यतया प्रभावकारी समाधान खोजिरहेका हुन्छन् । आवाससँग सम्बन्धित प्रशासनिक उपचारहरू छरितो र प्रभावकारी हुनु महत्त्वपूर्ण हुन्छ । किनकि प्रायजसो सबैभन्दा आधारभूत हितहरू नै जोखिममा रहेका हुन्छन् ।”[128]

तर, साझेदार तथा लाभग्राहीहरूले कानुनबमोजि कर्तव्य पालना नभएको वा हक अधिकार प्रदान नगरिएको लागेको अवस्थामा तत्सम्बन्धमा गुनासो संबोधन गर्ने कुनै संयन्त्रका बारेमा काननले व्यवस्था गरेको छैन । यो एउटा कुनै स्वतन्त्र प्रशासनिक गुनासो संयन्त्र हुन सक्छ जसले गुनासोहरूको छरितो उपचार प्रदान गर्न सक्दछ । यसलाई न्यायिक उपचार खोज्नुपूर्व पुरा गरेको हुनुपर्दछ । यस्ता गुनासो संबोधन गर्ने अधिकारीहरू पारदर्शी प्रकृयाबाट नियुक्त गरिएको हुनुपर्दछ । कानून कार्यान्वयनको अवस्थाको अनुगमन तथा सबै तहका सरकारलाई सिफारिस गर्नेसम्बन्धी जिम्मेवारी राष्ट्रिय मानवअधिकार आयोगलाई दिने संभावनासहितको कुनै अर्धन्यायिक संयन्त्रले पनि यो काम गर्न सक्दछ ।

***सिफारिस:***

- *अधिकार धारण गर्ने व्यक्ति वा साझेदारहरूले अधिकारीहरूद्वारा कर्तव्य पालना नगरेको वा हकअधिकार प्रदान नगरेको वा कानूनलाई विभेदकारी ढङ्गमा प्रयोग गरेको महशुस गरेको सन्दर्भमा यस्तो गुनासो व्यवस्थापन गर्ने अलग्गै प्रशासनिक वा अर्धन्यायिक संयन्त्र सिजर्ना गर्ने प्रावधानसहित ऐनलाई संशोधन गर्ने ।*

---

बन्न सक्छ । उदाहरणका लागि, पोर्चुगलमा गुनासो कार्यालय (*ओम्बुड्सम्यान*) ले बढ्दो सङ्ख्यामा आवाससम्बन्धी गुनासोहरू प्राप्त गरेको छ र एउटा नगरलाई त जबर्जस्ती निष्कासन र आवास नष्ट नगर्न तथा अवस्थाको अनुगमन गर्नका लागि प्रत्यक्ष रूपमा प्रोत्साहन गरेको छ ।”

[128] पर्याप्त जीवन स्तरको अधिकार तथा यस सन्दर्भमा विभेदविरुद्धको अधिकारको अवयवका रूपमा पर्याप्त आवासको अधिकारसम्बन्धी विशेष प्रतिवेदकको प्रतिवेदन, लिलानी फरा, अनुच्छेद ४२ । २२ डिसेम्बर २०१४ । युएन दस्तावेज A/HRC/28/62.

# ६. निष्कर्श

नेपालले आवासको अधिकारलाई मौलिक हकको रूपमा संवैधानिक प्रत्याभूति दिएको कुरा उत्साहप्रद छ ।[129] यो प्रत्याभूतिलाई व्यवहारमा ढाल्ने आवश्यक मापदण्ड निर्धारण कानुन बनाई लागू गर्नुले यस दिशामा भएको थप प्रगतिशीलतालाई प्रतिनिधित्त्व गर्दछ । नेपालमा सबैका लागि आवासको अधिकारलाई वास्तविकतामा रूपान्तरण गर्ने सवालमा यो विकासलाई एम्नेस्टी इन्टरनेसनलले एउटा अग्रगामी कदमको रूपमा लिएको छ ।

केही अपवाद बाहेक (उदाहरणका लागि प्राथमिकतामा रहेका घरधुरी, आवासको आवश्यकतामा रहेकाहरूलाई आवास तथा वित्तीय सहायतासम्बन्धी व्यवस्था) आवासको अधिकारसम्बन्धी ऐनले व्यवस्था गरेको कानूनी संरचना धेरै हिसाबले अपर्याप्त रहेको पाइएको छ । ऐनका थुप्रै व्यवस्थाहरू खोटपूर्ण हुनुका साथै मानवअधिकार मापदण्डअनुरुप आवश्यक प्रावधानहरू पनि नरहेको अवस्था छ ।

समग्र रूपमा, यो ऐनको दायरा जम्माजम्मी आवासको आवश्यकतामा रहेकालाई आवास सुविधा र वित्तीय सहायता उपलब्ध गराउने कुरामा केन्द्रित रहेको छ । पर्याप्त आवास भनेको एउटा घरको स्वामित्त्व हुनुमात्र नभएर आवाससम्बन्धको सुरक्षासहितको घरमा हुने पहुँच भएको हुनाले यस ऐनमा देखिएको सरकारको आवाससम्बन्धी दृष्टिकोण वास्तवमा स्वामित्वमा आधारित रहेको छ । बहालवाला आवाससम्बन्धी यस ऐनमा कुनै प्रावधान नहुनु यो ऐनको एउटा ठूलो कमजोरी हो ।

नेपालको अन्तर्राष्ट्रिय मानवअधिकार दायित्वको बर्खिलाप यस ऐनको प्रावधानअन्तर्गतको संरक्षण गैर नागरिकलाई उपलब्ध छैन । यस्तो लाग्छ यो ऐनको प्रावधान केवल “नागरिक”का लागि मात्र सीमत छ । आवासविहीनता, आवास भोगचलनको सुरक्षा, मूल्यसुलभता र पर्याप्तता जस्ता शब्दावलीहरूको परिभाषा पनि समावेश गरिएको छैन । ऐनले आवासको अधिकारलाई कानूनी प्रत्याभूतिका रूपमा सूचिकृत त गरेको छ  तर यसले पर्याप्त आवासको निम्न सातवटा अन्तर्वस्तुलाई समेत समेट्नेगरी सबैको पर्याप्त आवासको अधिकारको अवधारणा समावेश गर्न विफल भएको छ : “आवाससम्बन्धको कानुनी सुरक्षा”, “सेवा, सामग्री, सुविधा र पुर्वाधार”, “ मूल्यसुलभता”, “बासयोग्यता”, “पहुँचता”, “अवस्थिति” र “साँस्कृतिक पर्याप्तता” ।

प्राथमिकताका आधारमा अवासको सुविधा उपलब्ध गराउनेसम्बन्धी जिम्मेवारी स्वागतयोग्य भएपनि

---

[129] हेर्नुहोस्, भाग ३ अन्तर्गको आवासको अधिकार सम्बन्धमा संवैधानिक ढाँचासम्बन्धी विस्तृत छलफल ।

ऐनले आवासविहीनताको अन्तर्निहित कारणलाई संबोधन गरेर आवासविहीनतालाई रोकथाम गर्ने सवालमा आवश्यक पर्ने कुनै ठोस उपायहरूका बारेमा सुझाएको छैन । आवास सुविधाको आवश्यकतामा रहेका व्यक्ति र परिवार पहिचान गर्ने मापदण्ड पनि न्यायोचित र विवेकसम्मत छैन । थुप्रै प्रावधानहरू सकारात्मक देखिन्छन् तर तिनीहरू मानवअधिकारमैत्री  छैनन् । संविधान (धारा ३७ (२)) र ऐन (दफा ५) मा जबर्जस्ती निष्कासनविरुद्ध संरक्षणको प्रावधान राखिएको भएपनि यो स्वामित्त्वमा आधारित छ र अनौपचारिक वासस्थान र झुपड बस्ती (स्लम)मा बस्नेहरू जबर्जस्ती निष्कासनविरुद्धको कानूनी संरक्षणको दायरामा अटाउँदैनन् । जबर्जस्ती निष्कासविरुद्धको कानुनी र प्रकृयागत सुरक्षा व्यवस्थाहरू पनि अन्तर्राष्ट्रिय मापदण्डबमोजिमका छैनन् । बहालवाला आवास र अनौपचारिक आवासको सुरक्षाका लागि कुनै कानुनी संरक्षणको व्यवस्था गरिएको छैन । निष्कासनको सन्दर्भमा बाहेक क्षतिपूर्तिगत उपचारको प्रावधान अन्यत्र छैन ।

आवासलगायत अन्य सामाजिक न्यायका सवालमा संविधानले नै प्राथमिकतामा राखिसकेकाहरू (जस्तै दलित, आदिवासी जनजाति, लोपोन्मुख समूहहरू, पूर्व कमैया, पूर्व हलिया)का सवालमा केही प्रावधान नरहेको अवस्था छ । ऐनको कार्यान्वयनको अवस्थामा आवधिक अनुगमन गर्न तथा अधिकारीहरूलाई आवासका विषयमा आवश्यक सल्लाह र सुझाव दिने कुनै *नोडल* संयन्त्रका बारेमा परिकल्पना गरिएको छैन । सन् २०३० सम्ममा आवासविहीनतालाई उन्मूलन गर्ने र सबैको पर्याप्त आवासको अधिकार हाँसिल गर्ने लक्ष्य हाँसिल गर्ने सवालमा ऐनमा योजना, रणनीति र आर्थिक श्रोतसम्बन्धी कुनै मार्गदर्शन छैन । ऐनअन्तर्गत तीनै तहका सरकारले आवासविहीनताको समस्या संबोधनका लागि उपायहरू  अपनाउनुपर्ने सम्बन्धमा व्यवस्था गरिएको भएपनि यस्तो सुरक्षा प्रत्याभूति गर्नका लागि कसले के गर्ने भन्ने कुरामा स्पष्टता छैन ।

यसकारण नेपाल सरकारले माथि उल्लिखित कमजोरीहरू संबोधन गर्नका लागि विद्यमान ऐनको प्रावधानलाई व्यापक रूपमा पुनरावलोकन गरी यथाशीघ्र आवासको अधिकारसम्बन्धी ऐनको संशोधन गर्न विधेयक ल्याउनेतर्फ कदम चाल्नु पर्दछ । विद्यमान कमीलाई पुरा गर्न ऐन संशोधनलाई प्राथमिकता दिँदै सरकारले प्राथमिकतामा पर्ने परिवारहरू पहिचान गर्ने, आवासविहीनताको जोखिमतालाई मूल्याङ्कन गर्ने तथा साझेदारहरूसँगको अर्थपूर्ण परामर्शमा उनीहरूलाई आवास सुविधा प्रदान गर्ने कार्यलाई प्रभावकारी रूपमा सम्पन्न गर्न आवश्यक पर्ने नियमहरू तर्जुमा गर्नुपर्दछ । सरकारले राष्ट्रिय मानवअधिकार संस्थाहरू (NHRIs) र नागरिक समाज सङ्गठनहरूसँगको साझेदारीमा ऐनका प्रावधानहरू र सान्दर्भिक संवैधानिक र अन्तर्राष्ट्रिय मानवअधिकार मापदण्डका प्रावधानका बारेमा सचेतना फैलाउनु पर्दछ । आवासको अधिकारसम्बन्धी ऐन निम्न तरिकाबाट थप सुदृढ हुनेछ :

- आवासको अन्तर्निहित कारणलाई संबोधन गर्न तथा सबैले आवासको अधिकार उपभोग गर्ने उचित वातावरण निर्माण गर्नका लागि ऐनको दायरालाई फराकिलो पारेर ।
- कानूनी संरक्षणको दायरा गैर नागरिकहरूका लागि पनि फराकिलो बनाएर ।
- “आवासविहीनता”, “आवाससम्बन्धको सुरक्षा”, “आवासको मूल्यसुलभता” र “आवासको पर्याप्तता” लगायत शब्दावलीहरूलाई परिभाषित गरेर ।
- आवासविहीनताको अवस्थालाई आवधिक रूपमा आङ्कलन गर्ने र सो अवस्थालाई संबोधन गर्ने जिम्मेवारी प्राप्त संयन्त्र गठन लगायतका माध्यमबाट आवासविहीनताको समस्या संबोधन गर्न अधिकारीहरूलाई बाध्यकारी बनाएर ।
- आवासको आवश्यकतालाई संबोधन गर्नका लागि राज्यले तत्काल प्रदान गर्नुपर्ने सुविधालाई स्पष्ट पारेर ।

- आवासविहीनताको अन्तर्निहित कारण मूल्याङ्कन गर्न र आवश्यक उपाय अवलम्वन गर्न सबै तहका सरकारलाई बाध्यकारी बनाएर ।
- तीनै तहको सरकारको भूमिका र जिम्मेवारीका बारेमा स्पष्टता ल्याएर ।
- आवासको अधिकारअन्तर्गतका हकलाई कानूनी निश्चिता प्रदान गरेर ।
- ऐनका प्रत्याभूतिअनुरुप हुनेगरी तीनै तहका सरकारका नीति तथा कार्यक्रमहरूमा एकरुपता ल्याएर ।
- न्यायिक व्याख्या वा संशोधनमार्फत संविधानको धारा ३७ (२) लाई सुधारेर (जुन प्रावधान अहिलेको अवस्थामा झुपड बस्ती वा अव्यवस्थित वस्तीमा बसोवास गरिरहेकाहरूलाई निष्कासन गर्न अधिकारीहरूलाई इजाजतमा परिणत हुनसक्छ) ।
- निष्कासन सम्बन्धी प्रावधानले पर्याप्त प्रकृयागत बचाउलाई सुनिश्चित गरेर ।
- आवास भोगचलनको स्वरुप जुनसुकै स्वरुपको भएपनि जबर्जस्ती निष्कासनविरुद्ध संरक्षणलाई सुनिश्चित गरेर ।
- आदिवासी जनजातिलाई असर पार्ने निष्कासनसम्बन्धी शर्तहरू आइएलओ १६९ को “स्वतन्त्र, अग्रिम र सूसूचित सहमति” अनुरुप भएको निश्चित गरेर ।
- अस्थायी आवास आवश्यक पर्नेहरूका लागि यस्तो सुविधा प्रदान गर्न स्थानीय सरकारका लागि  बाध्यात्मक बनाएर ।
- जीविकोपार्जनका लागि कुनै आय आर्जन कार्यमा भएको संलग्नतालाई यस ऐनअन्तर्गत सरकारले प्रदान गरेको आवासको स्वामित्व खोस्ने शर्त नबाउने प्रावधान सुनिश्चित गरेर ।
- बेसहारा मानिस र सामाजिक संरक्षणको आवश्यकतामा रहेकालाई आवासको व्यवस्था गर्ने तत्कालीन दायित्व सिर्जना गरेर ।
- अस्थायी वा आकष्मिक आवास सुविधामा बसोवास मिलाउने अविलम्व दायित्व सृजना गरेर ।
- अधिकारीहरूमा आवास सुविधाको आवश्यकतामा रहेकाहरूलाई अग्रसकृय रूपमा पहिचान गर्ने बाध्यकारी जिम्मेवारी प्रदान गरेर ।
- सरकारले प्रदान गरेको आवास सुविधामा श्रीमान र श्रीमती दुवैको संयुक्त स्वामित्वको व्यवस्था राखेर ।
- बहालवाला आवास र अनौपचारीक आवाससम्बन्धलाई कानुनी मान्यता दिई नियमन गरेर ।
- अनौपचारिक भोगचलन र बहालको कानुनी सुरक्षालाई नियमन गरेर ।
- जुनसुकै प्रकृतिको आवास भएपनि उक्त आवासको अनतिक्रम्यतालाई सुनिश्चित गरेर ।
- बहाल करारको स्वेच्छाचारी समाप्ती र बढी मूल्य अशुलीबाट संरक्षण प्रदान गरेर ।
- बहालवालालाई जबर्जस्ती निष्कासन, धम्की, त्रास वा उत्पीडनको अवस्थामा पर्याप्त क्षतिपूर्तिको प्रवन्ध गरेर ।
- सरकारले प्रदान गरेको आवास सुविधालाई परिचालन गरेर पूँजी आर्जन गर्नमा भएको बन्देज हटाएर ।
- जीवन निर्वाहका लागि गतिविधिमा लागिरहेकाले पनि सरकारी आवास सुविधा दावि गर्न योग्य हुने गरी आवास सुविधासम्बन्धी योग्यताका मापदण्डहरू निर्धारण गरेर ।
- व्यवसाय प्रयोजनका लागि धितो राखी कर्जा लिएर पूँजी आर्जन गर्ने जस्तो वैधानिक उद्देश्यका लागि आवास सुविधालाई प्रयोग गर्ने अनुमति दिएर ।
- जबर्जस्ती निष्कासनका लागि राज्यअधिकारीहरूलाई जवाफदेहि  बनाउने व्यवस्था राखेर ।

- आवासविहीन व्यक्तिलाई विभेद गर्ने, त्रास र धम्की दिने वा उत्पीडनपूर्ण व्यवहार गर्ने वा जीवन निर्वाहमूलक गतिविधिहरूबाट उनीहरूलाई वञ्चित पार्ने कार्य विरुद्ध संरक्षण प्रदान गर्ने व्यवस्था गरेर ।
- विशेष वर्गका जनसङ्ख्या जस्तै दलित, एचआइभि सङ्क्रमित, यौनिक अल्पसङ्ख्यक र अन्य सीमान्तकृत समूहलाई आवासमा पहुँच प्राप्त गर्नमा व्यवधान खडा गर्ने कुनै पनि खाले विभदजन्य अभ्यासविरुद्ध कारबाही गरेर ।
- आवास सुविधा प्राप्त गरेको व्यक्तिले उक्त आवासमा नियमित तीन वर्ष नबसेकै आधारमा उसलाई दिएको आवास सुविधा फिर्ता लिने प्रावधानलाई हटाएर ।
- आवश्यकता मूल्याङ्कनको आधारमा मर्मतसंभार र सेवाभोग (युटिलिटिज्) दस्तुर सरकारले बेहोर्ने दायित्व सिर्जना गरेर ।

## एम्नेस्टी इन्टरनेसनल मानवअधिकारका लागि एउटा विश्वव्यापी अभियान हो ।

## कोही एकजनालाई अन्याय हुँदा त्यो हामी सबैको चासोको विषय बन्छ ।


CONTACT US

info@amnesty.org

+44 (0)20 7413 5500

JOIN THE CONVERSATION

www.facebook.com/AmnestyGlobal

@Amnesty

# सबैका लागि पर्याप्त आवास

## आवासको अधिकारसम्बन्धी ऐन २०७५ सुदृढीकरणका लागि टिप्पणी तथा सुझाव

एम्नेस्टी इन्टरनेसनल नेपाल सरकारलाई आफ्नो आवासको अधिकारसम्बन्धी नयाँ कानुनलाई बलियो बनाउन, आवासविहीनता रोकथामसम्बन्धी आफ्नो वाचा पुरा गर्न तथा सबैका लागि सुरक्षित र पऱ्याप्त आवास सुनिश्चित गर्न आह्वान गर्दछ। यो सुझावपत्रले २०७५ असोजमा लागू भएको ऐनमा भएका थुप्रै कमजोरीहरूलाई पहिचान गर्दै यसलाई नेपालको अन्तराष्ट्रिय मानवअधिकार दायित्वअनुरुप बनाउनका लागि सुझावहरू प्रस्तुत गर्दछ।

यो सुझवापत्रले औँल्याएझैँ आवासविहीनताका अन्तर्निहित कारण संबोधन गर्न तथा सबैले पऱ्याप्त आवासको अधिकारलाई उपभोग गर्नका लागि उपयुक्त वातावरण सिर्जना गर्नका लागि आवासको अधिकारसम्बन्धी कानुनलाई संशोधन गरिनुपर्छ। अहिले "आफ्नो स्वामित्वमा रहेको जमीन"मा निर्माण गरिएको आवासमा बसिरहेकालाई मात्रै यो कानुनले संरक्षण प्रदान गर्दछ।

व्यक्तिगत, पारिवारीक वा सामूहिक आवासविहीनताको अवस्थालाई संबोधन गर्न प्रत्येक तहका सरकारका लागि विशेष दायित्वको व्यवस्था गर्न पनि यो सुझावपत्रले जोड दिएको छ।

गरिबीको अवस्थामा रहेकाहरू, अनौपचारिक आवासमा बसोवास गरिरहेकाहरू, दलित र थारू लगायत जमीनमा आश्रित आदिवासी जनजाति जस्ता सीमान्तकृत समुदायलाई कानुनले पऱ्याप्त आवासको पहुँचकालागि सहयोग गर्ने कुरा सुनिश्चित गर्न पनि सरकारलाई आह्वान गरिएको छ।

INDEX: ASA 31/0496/2019
JUNE 2019
LANGUAGE: ENGLISH



AMNESTY INTERNATIONAL